# प्रभाव दैनिक
National Daily



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१–४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com



वर्ष १२ | अंक ३२ | काठमाडौं | आइतबार, ११ जेठ २०८२ | Prabhab National Daily | Sunday, May 25, 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।–


भिजिट भिसामा मानव तस्करी प्रकरण

# राजीनामाको चौतर्फी दबाबमा गृहमन्त्री



राजनीतिमा नैतिकता भन्ने कुरा पनि त हुन्छ नि । इस्यु आएको छ । उहाँको संलग्नता नहोला तर इस्यु आइसकेपछि आफू क्लिन छु भनेर देखाउनका लागि पनि छानबिन हुन जरूरी छ । यसका लागि मार्गप्रशस्त गरिदिनुपर्छ ।

**डा. शेखर कोइराला**
नेता, नेपाली कांग्रेस



विगतमा सांसद रमेश लेखकले नै सदनमा 'प्रश्न उठेपछि राजीनामा दिएर छानबिनमा सघाउनुपर्छ' भनेर विभिन्न दृष्टान्त सम्झाउनुभएको कुरा आज उहाँलाई नै स्मरण गराउँदै यथाशीघ्र गृहमन्त्रीको पदबाट राजीनामा दिएर यस विषयमा निष्पक्ष अनुसन्धानलाई सघाउन माग गर्दछौं ।

**मनिष झा**
कार्यवाहक प्रवक्ता, रास्वपा

- विपक्षी दलमात्रै होइन, कांग्रेसकै नेताहरूबाट पनि राजीनामा गर्न दबाब
- भिजिट भिसाको नाममा मानव तस्करी प्रकरणमा गृहमन्त्री मुछिएपछि पद धरापमा
- कर्मचारीको अस्वाभाविक सरूवामा गृहमन्त्री लेखक जिम्मेवार रहेको आरोप

**जेबी योञ्जन**

**काठमाडौं–** भिजिट भिसाको नाममा भएको मानव तस्करी प्रकरणमा मुछिएका गृहमन्त्री रमेश लेखकमाथि राजीनामाको चौतर्फी दबाब परेको छ । विपक्षी दलहरूमात्रै होइन, उनकै दल कांग्रेसभित्रबाट पनि लेखकलाई राजीनामा दिएर अनुसन्धानका लागि मार्गप्रशस्त गर्न दबाब बढेको छ ।

लेखक कांग्रेसभित्र सुशासनको नारा सबैभन्दा चर्को लगाउने नेता हुन् । ११ महिनाअघि सुशासन कायम गर्ने विषयगत मन्त्रालय गृहको नेतृत्वमा उनी पुगेका थिए । तर, उनी यतिबेला भिजिट भिसाको नाममा भएको मानव तस्करी प्रकरणमा मुछिए । यही कारण राजीनामाका लागि उनीमाथि दबाब परेको हो ।

उनकै दल कांग्रेसका नेता डा. शेखर कोइरालाले लेखकलाई नैतिकताको आधारमा राजीनामा दिएर छानबिनका लागि मार्गप्रशस्त गर्न सुझाव दिएका छन् । उनले अध्यागमनको भिजिट भिसा प्रकरणमा संलग्नता भएको विषय उठिसकेपछि आफूलाई सही सावित गर्न पनि छानबिन हुन जरुरी रहेको बताए ।

'यो कुनै नौलो कुरा होइन । यदि त्यसो हो भने मोरल ग्राउण्डमा पनि उहाँले 'ल म छोडिदिन्छु, छानबिन गर' भनेर भने हुन्छ । सामान्य कुरा हो यो त । राजनीतिमा नैतिकता भन्ने कुरा पनि त हुन्छ नि । इस्यु आएको छ । उहाँको संलग्नता नहोला तर इस्यु आइसकेपछि आफू क्लिन छु भनेर देखाउनका लागि पनि छानबिन हुन जरुरी छ,' शनिबार विराटनगर विमानस्थलमा पत्रकारहरूसँग भने ।

कांग्रेसकै सांसद रामहरि खतिवडाले पनि गृहमन्त्री लेखकको भिजिट भिसा प्रकरणबारे धारणा माग गरेका छन् । उनको संलग्नता छ भने कसैले कारबाही गर्नबाट रोकेर नरोकिने उनले बताएका छन् । सोही पार्टीका अर्का नेता अर्जुननरसिंह केसीले पनि मानव तस्करी प्रकरणबारे सत्यतथ्य बाहिर ल्याउन सरकारसँग माग गरेका छन् । विपक्षी दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले गृहमन्त्री लेखकको राजीनामा माग गरेको छ ।


क्रमशः पृष्ठ २ मा




गृहमन्त्री लेखकको चुनौती–

## मेरो संलग्नता पुष्टि भए राजनीतिबाटै राजीनामा दिन्छु

गृहमन्त्री रमेश लेखकले भिजिट भिसाको नाममा भएको मानव तस्करीमा आफ्नो संलग्नता अस्वीकार गरेका छन् । उनले कुनै कर्मचारी अनुसन्धानको दायरामा आउँदैमा आफूले पदबाट राजीनामा नदिने प्रस्ट पारे । उनले शनिबार साँझ सञ्चारकर्मीसँग कुरा गर्दै आफूविरुद्ध झूठो प्रचारबाजी भइरहेको बताए ।

'गृह मन्त्रालय यत्रो ठूलो मन्त्रालय छ, हजारमा होइन, लाखौं लाख कर्मचारी छन्, लाखौं लाख कर्मचारीमा कुनै संवैधानिक निकायले कुनै पनि कर्मचारीमाथि अनुसन्धान गर्न सक्छ, अनि कर्मचारीमाथि अनुसन्धान सुरु हुँदा सबै मन्त्रीले राजीनामा दिँदै जाने हो ?,' उनले भने, 'त्यही पद्धति बसाउने हो ? त्यो सम्भव छ ? आजसम्म त्यस्तो भएको छ ?'

उनले आफूविरुद्ध नियोजित षड्यन्त्र भएको दाबी गरे । भिजिट भिसामात्र नभई सार्वजनिक जीवनमा आर्थिक अनियमितता गरेको प्रमाणित कसैले गर्छ भने राजनीतिबाट राजीनामा दिने पनि उनले घोषणा गरे ।

'मेरा विरुद्धमा नियोजित र षड्यन्त्रमूलक ढंगबाट झूठा प्रचारबाजी भइरहेको छ,' उनले भने, 'त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको अध्यागमनको भिजिट भिसाको मात्रै होइन, मेरो सार्वजनिक र राजनीतिक जीवनमा यदि एउटा मात्रै मैले आर्थिक अनियमितता गरेको कसैले प्रमाणित गऱ्यो भने, प्रमाणित भयो भने म मन्त्री पदबाट होइन, राजनीतिबाटै राजीनामा दिन्छु ।'

आफू मुछिएको प्रकरणबारे लेखकले यही १३ गते बस्ने प्रतिनिधिसभा बैठकमा जवाफ दिने बताएका छन् ।

सन्दर्भः वैदेशिक रोजगार

# वैदेशिक रोजगार सेवा प्रवाह कार्यविधि दोस्रोपटक संशोधन

**प्रभाव संवाददाता**

**काठमाडौं–** श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले 'वैदेशिक रोजगार व्यवस्थापन सेवा प्रवाह कार्यविधि, २०७९' मा दोस्रो संशोधन गरेको छ । मन्त्रालयले शुक्रबार संशोधित कार्यविधि वेबसाइटमार्फत सार्वजनिक गरेको हो ।

मन्त्रालयका अनुसार उक्त कार्यविधिमा दुईवटा मात्रै संशोधन गरिएको छ । संशोधनपछि कार्यविधिको नाम 'वैदेशिक रोजगार व्यवस्थापन सेवा प्रवाह (दोस्रो संशोधन) कार्यविधि, २०८२' कायम गरिएको छ ।

कार्यविधिमा दोस्रो संशोधनमार्फत कार्यविधिको दफा १ मा (२) यो कार्यविधि मन्त्रालयबाट स्वीकृति भएपछि लागू हुने छ भन्ने व्यवस्था थप गरिएको छ । दोस्रो संशोधन कार्यविधिको दफा २३ मा गरिएको छ । जसमा 'मे ३१' भन्ने शब्दको




सट्टा 'सेप्टेम्बर ३०' राखिएको तथा 'तर नेपाल सरकारको वैदेशिक रोजगारमा जान खुला नगरेका मुलुक' भन्ने शब्दावलीपछि रहेको 'र पेसा' भन्ने शब्दहरू झिकिएको मन्त्रालयले जनाएको छ ।

संशोधित दफा २३ वैधानिकीकरण श्रम स्वीकृतिसँग सम्बन्धित रहेको छ । जसमा 'यस कार्यविधिमा दफा (२) को खण्ड (ट) बमोजिमको श्रम स्वीकृतिका लागि अनलाइन आवेदन पेस गरेमा श्रम स्वीकृति प्रदान गर्न अख्तियारी पाएका मन्त्रालयअन्तर्गतका कार्यालय वा निकायबाट वैधानिकीकरण श्रम स्वीकृति प्रदान गरिने छ । सन् २०२४ को सेप्टेम्बर ३० सम्म रोजगारीका लागि भिसा प्राप्त गरेका श्रमिकले सम्बन्धित मुलुकस्थित कूटनीतिक नियोगमा श्रम स्वीकृतिका लागि आवेदन गरेमा त्यस्ता कामदारलाई सम्बन्धित नियोगले वैधानिकीकरण श्रम स्वीकृति प्रदान गर्न सकिने छ' भन्ने उल्लेख गरिएको छ ।

मन्त्रालयले यसअघि २०८१ वैशाखमा उक्त कार्यविधिमाथि पहिलो संशोधन गरेको थियो । पछिल्लो संशोधन यही जेठ ४ गते मन्त्रालयबाट स्वीकृत भएको हो ।

वैदेशिक रोजगार विभाग र अन्तर्गतका कार्यालय तथा प्रत्यायोजित अधिकार प्रयोग गरी वैदेशिक रोजगार व्यवस्थापनसम्बन्धी सेवा प्रवाह गर्ने कार्यालय तथा निकायहरूबाट प्रवाह हुने सेवालाई जनमुखी, पारदर्शी तथा सेवाग्राहीमैत्री एवं आधुनिक सूचना प्रविधिमा आधारित बनाउन २०७९ सालमा यो कार्यविधि कार्यान्वयनमा ल्याएको थियो । सर्वसाधारणले पाउनुपर्ने सेवा छिटो, छरितो र सहज ढंगले पाउने अवस्था सिर्जना गरी सुशासन कायम गर्न तथा वैदेशिक रोजगार ऐन, नियमावलीलगायत अन्य सान्दर्भिक कानुन कार्यान्वयन गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउने कार्यविधिको प्रस्तावनामा उल्लेख छ ।

## कम्बोडियामा अलपत्र दुई नेपालीको उद्धार

**काठमाडौं (प्रस)–** लामो समयदेखि कम्बोडियामा अलपत्र भई बसेका दुई नेपाली नागरिकलाई नेपाली राजदूतावास थाइल्याण्डले उद्धार गरी स्वदेश फर्काएको छ । शुक्रबार स्वदेश फर्कनेमा एक महिला र एक पुरुष छन् ।

सरकारले तोकेका मापदण्डबमोजिम श्रम स्वीकृति लिएर मात्र वैदेशिक रोजगारीमा जान तथा कसैको प्रलोभन परी छिटो, धेरै पैसा कमाउने हेतु कम्बोडिया लाओस, म्यानमार र थाइल्याण्डलगायतका देशमा वैदेशिक रोजगारीमा नआउनका लागि राजदूतावासले सम्बन्धित सबैमा पुनः अनुरोध गरेको छ । दूतावासले आमसञ्चारमाध्यम तथा नागरिक समाजलाई समेत यो सन्देश प्रवाह गरी सहयोग गरिदिन आग्रह गरेको छ ।


**नेपाल विद्युत प्राधिकरण (ने.वि.प्रा.)**

**विद्युत आपूर्तिमा अवरोध सम्बन्धी सूचना**

मिति : २०८२ जेठ ११

नेपाल विद्युत प्राधिकरण (ने.वि.प्रा.) आफ्ना सबै उपभोक्तालाई निरन्तर, भरपर्दो र गुणस्तरीय विद्युत आपूर्ति गर्न प्रतिबद्ध छ । तर आँधी, चट्याङ र भारी वर्षा जस्ता प्रतिकूल मौसम तथा अन्य प्राविधिक कारणले कहिलेकाहीं विद्युत आपूर्तिमा अवरोध आउन सक्छ ।

**विद्युत आपूर्तिमा अवरोध निम्न अवस्थामा हुनसक्छ :**

१. प्रणालीगत अवरोध (System-wide Breakdown) :
यसले ठूलो क्षेत्र वा सम्पूर्ण प्रणालीलाई प्रभावित पार्छ, ने.वि.प्रा.ले यस्ता समस्याहरूलाई निरन्तर अनुगमन गरी तुरुन्त समाधान गर्ने कार्य गर्दछ ।

२. स्थानीय अवरोध (Localized Breakdown) :
यसले सीमित क्षेत्र वा टोललाई मात्र प्रभावित पार्छ । यस्ता स्थानीय समस्या ने.वि.प्रा.लाई तुरुन्त थाहा नहुन सक्छ, त्यसैले उपभोक्ताहरूलाई यस्ता समस्या देखिएमा तुरुन्त खबर गर्न अनुरोध गरिन्छ ।

उल्लिखित नं. २ बमोजिम अवरुद्ध हुन पुगेको विद्युत प्रणालीका सम्बन्धमा उपभोक्ताको तर्फबाट प्राप्त जानकारी एवं जनगुनासोको समयमा नै सम्बोधन गरी विद्युत प्रणाली यथाशीघ्र सञ्चालनमा ल्याउने उद्देश्यले प्राधिकरणका प्रत्येक प्रादेशिक कार्यालय तथा डिभिजन कार्यालयहरूमा स्थापना भएका Call Center हरूबाट अपेक्षित कार्य सम्पादन भए/नभएको सम्बन्धमा जाँचबुझ गरी राय सिफारिस सहितको प्रतिवेदन पेश गर्न अध्ययन समिति समेत गठन गरिएको छ ।

**स्थानीय विद्युत अवरोधको अवस्थामा कृपया ११५० हटलाइन नम्बरमा सम्पर्क गर्नुहोस् ।**

ग्राहकले समयमै गरिएको जानकारीले समस्या छिटो समाधान गर्न मद्दत पुऱ्याउनेछ ।
तपाईंको सहयोग र समझदारीका लागि धन्यवाद ।

नेपाल विद्युत प्राधिकरण (ने.वि.प्रा.)





सुलभ मूल्यमा अन्तर्राष्ट्रिय स्तरको
निःसन्तनपन सम्बन्धि उपचार
HARDIK IVF and Fertility Center
Where Miracles Come to Life
हार्दिक आई.भि.एफ सेन्टर
सिनामंगल ९, काठमाडौं
01-5917982, 9802352811

# 'इ-गभर्नेन्स ब्लुप्रिन्ट' सुधारका लागि सरकारलाई ४१ बुँदे सुझाव

**काठमाडौं–** सरकारको सार्वजनिक सेवा प्रणालीलाई डिजिटल, पारदर्शी र प्रभावकारी बनाउने उद्देश्यले तयार गरिएको 'इ-गभर्नेन्स ब्लुप्रिन्ट २०८१'मा सूचना प्रविधि क्षेत्रका तीन प्रमुख संस्थाले ४१ बुँदे सुझाव दिएका छन् ।

कम्प्युटर एसोसिएसन नेपाल महासंघ (क्यान महासंघ), साइबर सुरक्षा अनुसन्धान तथा नवप्रवर्तन केन्द्र (सिएसआरआई नेपाल) र इन्फरमेसन सेक्युरिटी रेस्पोन्स टिम नेपाल (एनपिसर्ट) को प्रतिनिधिमण्डलले संयुक्तरूपमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सचिव चूणामणि पौडेललाई सुझावसहितको दस्तावेज बुझाएका हुन् ।

ती संस्थाले ब्लुप्रिन्टलाई डिजिटल नेपाल निर्माणको दिशामा ठोस पहलको रूपमा औंल्याउँदै सुधारका लागि आवश्यक सुझाव प्रस्तुत गरेका छन् । प्रधानमन्त्रीको अध्यक्षतामा गत वैशाख १७ गते बसेको इ-गभर्नेन्स आयोगको पहिलो बैठकपछि सुरु भएको परामर्श र विश्लेषणपछि तयार पारिएको यस मस्यौदामा मन्त्रालय, स्वायत्त निकाय, विज्ञ र सरोकारवालाको सहभागिता रहेको थियो ।

क्यान महासंघका कार्यवाहक अध्यक्ष एवं वरिष्ठ उपाध्यक्ष चिरञ्जीवी अधिकारीले 'डिजिटल बाइ डिफल्ट' नीति, सार्वजनिक-निजी साझेदारीको प्रवर्द्धन र 'एक नागरिक, एक ड्यासबोर्ड' अवधारणाले समावेशी डिजिटल भविष्यको मार्गप्रशस्त गर्ने विश्वास व्यक्त गरे । उनले साइबर सुरक्षा सुदृढीकरण, डिजिटल साक्षरताको प्रवर्द्धन र एआई तथा ब्लकचेनजस्ता प्रविधिको उपयोगलाई प्राथमिकता दिनुपर्ने बताए ।

सिएसआरआई नेपालका अध्यक्ष डा. शालिग्राम पराजुलीले डिजिटल नेपाल फ्रेमवर्कसँग समन्वयमा सरकारी सेवाको प्रभावकारिता र सहभागिता बढाउन ब्लुप्रिन्टले सहयोग गर्ने बताए । उनले डेटा एक्सचेञ्ज प्लेटफर्म मजबुत् पार्दै अवधारणागत नक्कल न्यूनीकरण र स्रोतको प्रभावकारी उपयोग गर्नुपर्ने धारणा राखे ।

इन्फरमेसन सेक्युरिटी रेस्पोन्स टिम नेपालका अध्यक्ष डा. राजीव सुब्बाले डेटा सुरक्षालाई प्राथमिकता दिँदै बलियो साइबर सुरक्षा मापदण्ड, प्रभावकारी डेटा संरक्षण नीति र सुरक्षित क्रस-बोर्डर डेटा स्थानान्तरण प्रणाली विकास गर्नुपर्ने आवश्यकता औंल्याए ।

इन्साइट टेक्नोलोजीका प्रमुख कार्यकारी सुमन शर्माले ब्लुप्रिन्टलाई डिजिटल नेपालको सपना साकार पार्ने दिशामा महत्त्वपूर्ण दस्तावेज भन्दै डिजिटल पूर्वाधार सुदृढीकरणमा जोड दिनुपर्ने धारणा राखे । क्यान महासंघका महासचिव चन्द्रविलास भुर्तेलले डिजिटल नेपालको परिकल्पना साकार पार्न निजी क्षेत्रको सक्रिय सहभागिता अपरिहार्य भएको उल्लेख गरे ।

उक्त अवसरमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सचिव सचिव पौडेलले ब्लुप्रिन्टलाई अझ प्रभावकारी बनाउन प्राप्त सुझावलाई समावेश गरिने बताउँदै निजी क्षेत्रसँग सहकार्य गर्न सरकार प्रतिबद्ध रहेको स्पष्ट पारे । इ-गभर्नेन्स ब्लुप्रिन्ट २०८१ मा ७ रणनीतिक स्तम्भ, डिजिटल पूर्वाधार सुदृढीकरण, नागरिक केन्द्रित सेवा, मानव स्रोत विकास, नवप्रवर्तन, कानुनी अद्यावधिक, समन्वय र मूल्याङ्कनलगायतका पक्ष समेटिएका छन् । ब्लुप्रिन्टले साझा राष्ट्रिय क्लाउड, ग्रामिण इन्टरनेट विस्तार, डिजिटल ड्यासबोर्ड, नागरिक एप, रियल-टाइम प्रतिक्रिया संयन्त्र, हरित सूचना प्रविधि र स्थानीय भाषामा सेवाको प्रयोगसमेत समेटेको छ । *रासस*

# जुन्को तावेइको सगरमाथा आरोहणको स्मरण

**काठमाडौं–** नेपालका लागि जापानी राजदूत माइदा तोरुले आधा शताब्दीअघि विश्वको सर्वोच्च शिखर सगरमाथा आरोहण गर्ने पहिलो महिला जुन्को ताबेईका सम्मानमा शुक्रबार ताहाचलस्थित आफ्नो निवासमा स्मरणार्थ कार्यक्रमको आयोजना गरे । सो अवसरमा पहिलो महिलाको रूपमा सगरमाथा आरोहण गरेको कुरालाई झल्काउँदै राजदूत तोरुले ताबेईलगायत जापानी पर्वतारोहण टोलीको उपलब्धिलाई स्मरण गरे ।

ताबेईलाई नेपालका असल साथीहरूले सधैं समर्थन गरेको उनले उल्लेख गरे । राजदूत तोरुले नेपालको भव्य र मनमोहक प्राकृतिक सौन्दर्यले भरिपूर्ण पर्वतारोही र सम्बन्धित व्यक्तिलगायत व्यक्तिगत/तल्लो तहमा यी मित्रता र आदानप्रदानले जापान र नेपालबीचको सुमधुर सम्बन्धलाई बलियो बनाएको पनि बताए ।

ताबेईसँग सम्बन्ध भएका पर्वतारोहणलगायत अन्य क्षेत्रका विभिन्न पेशा व्यवसायका धेरै व्यक्ति कार्यक्रममा उपस्थित थिए । नेपाल पर्वतारोहण संघका पूर्वअध्यक्ष आङछिरिङ शेर्पाले नेपालको साहसिक पर्यटन खासगरी पर्वतीय पर्यटनको विकासमा ताबेइको महत्त्वपूर्ण भूमिका रहेको उल्लेख गरे । उनले ५० वर्षअघि ताबेईको ऐतिहासिक आरोहणका क्रममा शेर्पा नेताको रूपमा काम गरेका थिए । शेर्पाले ताबेई र आफू अन्ततः सगरमाथा पुग्दाको क्षणको बारेमा अनुभव साझा गरे । नेपाल संग्रहालय संघकी अध्यक्ष लक्पाफुटी शेर्पाले आरोहण अनुभव राखिन् ।

मे ९, १९५६ मा, तोसियो इमानिशी माउण्ट मनास्लुको पहिलो आरोहण गरेकी थिइन् । मे ११, १९७० मा, नाओमी उमुरा, सगरमाथा आरोहण गर्ने पहिलो जापानी हुन् । यस्तै मे १९, २०१२ मा ७३ वर्षको उमेरमा सगरमाथा आरोहण गर्ने सबैभन्दा वृद्ध महिला तामाई वातानाबे यसअघि ६३ वर्षको उमेरमा कीर्तिमान बनाएका थिए ।

मे २३, २०१३ मा ८० वर्षको उमेरमा सगरमाथा आरोहण गर्ने सबैभन्दा वृद्ध व्यक्ति युइचिरो मिउरा, मे २६, २०१२ मा हिरोताका ताकेउची आरोहण धौलागिरी, ८००० भन्दा माथिका १४ चुचुरो आरोहण गर्ने पहिलो जापानी रहेको दूतावाको विज्ञप्तिमा जनाइएको छ । ५०औं वार्षिकोत्सवको सम्झनामा ताबेईको वास्तविक जीवनको कथामा आधारित चलचित्र यो शरद ॠतुमा जापानमा रिलिज हुने योजना रहेको छ । रासस

## पृष्ठ १ बाट क्रमशः

## राजीनामाको ...

शनिबार बसेको रास्वपा सचिवालयको 'भर्चुअल' बैठकले भिजिट भिसा प्रकरणमा मुछिएका उनलाई तत्काल राजीनामा दिएर अनुसन्धानमा सघाउन आग्रह गरेको हो ।

पार्टीका कार्यवाहक प्रवक्ता मनिष झाले बैठकपछि जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'विगतमा सांसद रमेश लेखकले नै सदनमा 'प्रश्न उठेपछि राजीनामा दिएर छानबिनमा सघाउनुपर्छ' भनेर विभिन्न दृष्टान्त सम्झाउनुभएको कुरा आज उहाँलाई नै स्मरण गराउँदै यथाशीघ्र गृहमन्त्रीको पदबाट राजीनामा दिएर यस विषयमा निष्पक्ष अनुसन्धानलाई सघाउन माग गर्दछौं ।'

रास्वपाले भिजिट भिसा मुद्दालाई लिएर आगामी दिनमा सदन अवरुद्ध हुँदा त्यसले उत्पन्न गर्ने नेपाली राजनीतिप्रति घृणाको कारक नहुन पनि सुझाव दिएको छ । गृहमन्त्री र उनका सचिवालयमाथि 'भिजिट भिसा'मार्फत मानव तस्करीमा संलग्न रहेको आरोप लागेको छ । यस्तोबेला बसेको रास्वपा बैठकले निष्पक्ष अनुसन्धानका लागि राजीनामा दिन माग गरेको हो ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमार्फत भिजिट भिसामा जाने युवाबाट रकम असुली गरिएको प्रकरणमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले गत बुधबार विमानस्थलस्थित अध्यागमन कार्यालयमा छापा मारेको थियो । सोही दिन कार्यालय प्रमुखबाट गृह मन्त्रालय तानिएका सहसचिव तीर्थराज भट्टराईलाई अख्तियारले नियन्त्रणमा लिएको थियो । यद्यपि, उनलाई हाजिरी जमानीमा सोही दिन साँझ छाडिएको थियो ।

यो प्रकरणमा कम्तीमा १४ कर्मचारी आयोगको छानबिनमा परेको छ । त्यसपछि शुक्रबार गृह मन्त्रालयले उनीहरूलाई जिम्मेवारीबाट हटाएको थियो । गृहमन्त्रीको मञ्जुरीविना यस्तो काम हुन नसक्ने भन्दै धेरैले गृहमन्त्री लेखकमाथि यसअघिदेखि नै छानबिन थाल्नुपर्ने दबाब बढाएका थिए ।

तर, गृह मन्त्रालयले भिजिट भिसा प्रकरणमा मन्त्रालय नेतृत्वको कुनै प्रकारको संलग्नता नरहेको दाबी गरेको छ । शनिबार विज्ञप्ति जारी गर्दै मन्त्रालयले यसबारे सत्यतथ्य विषयवस्तु मात्र प्रकाशन र प्रसारण गर्न आग्रहसमेत गरेको छ । 'यस्ता कुनै पनि गैरकानुनी वा भ्रष्टाचारजन्य कार्यमा मन्त्रालयको नेतृत्वको कुनै प्रकारको संलग्नता नरहेको र नरहने विषय स्पष्ट गर्दछौं,' मन्त्रालयको विज्ञप्तिमा भनिएको छ, 'साथै, विषयको गम्भीरतालाई मध्यनजर गरी सत्यतथ्य विषयवस्तु मात्र प्रकाशन र प्रसारण गरिदिनु हुन सबैमा अनुरोध गर्दछौं ।'

तर, अध्यागमन प्रमुख भट्टराईलाई अख्तियारले पक्राउ गर्ने तयारी गर्दागर्दै गृह मन्त्रालयले आकस्मिकरूपमा सरुवा गरेको थियो । उनलाई अख्तियारले गृह मन्त्रालयबाटै पक्राउ गरेको हो । सँगै केही कर्मचारीहरूको पनि गृहले भट्टराईको पक्राउ भएपछि अस्वाभाविक सरुवा गरेको थियो । सरुवालाई लिएर पनि गृहमन्त्री लेखकको भूमिका शंकास्पद रहेको टिप्पणी हुँदै आएको छ । भट्टराईलाई मन्त्री लेखकले नै अध्यागमन प्रमुखको जिम्मेवारीमा पठाएका कारण पनि उनीमाथिको शंकाले थप आधार पाएको हो ।

हालसम्म अख्तियारले खगेन्द्र सुवेदी, कविता पौडेल र बालकृष्ण बस्नेतलाई पक्राउ गरेको छ । उनीहरू कर्मचारी होइनन् तर, सेटिङमा उनीहरूको भूमिका देखिएको स्रोतको दाबी छ । हाल अख्तियारले उनीहरूबाट कम्प्युटर, मोबाइललगायतका डिभाइस बरामद गरेर फरेन्सिक परीक्षणका लागि प्रयोगशालामा पठाएको स्रोतको भनाइ छ ।


**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको हकदावी सम्बन्धी सूचना**

यस कार्यालयमा मिति २०१५/०१/०६ मा दर्ता भएको **श्री रफुवन अटो वर्कशप (प्रा.लि. नं. १३०६२९)** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिनभित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

**दावी विरोध सम्बन्धी**
**वैदेशिक रोजगार विभाग, काठमाडौंको**
**सूचना**

**प्रकाशित मिति : २०८२/०२/११ गते**

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त संस्था श्री Decent Employment Pvt.ltd. (इ.प.नं. ९०४/०६७/०६८) को सञ्चालक/शेयरधनीले आफ्नो नाममा कायम रहेको शेयरहरू दा.खा. नामसारी गरी पाउन कम्पनी रजिष्ट्रारको कार्यालयका नाममा सहमतिको सिफारिस गरी दिन यस विभागमा निवेदन दिएको हुँदा माग वमोजिम शेयर हकहस्तान्तरण तथा नामसारीको सहमति दिँदा कोही कसैको हक स्वामित्व तथा लेनदेनमा असर पर्ने भए वा कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतीस) दिनभित्र सबुद प्रमाण सहित वैदेशिक रोजगार विभागमा सम्पर्क गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यस विभागको मिति २०८२/०२/०८ को निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ । अन्यथा माग वमोजिम शेयर नामसारीको लागि सहमति भै जाने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराइन्छ ।

**तपसिल :**

| सािवक शेयरधनीको नाम र शेयर सङ्ख्या | अब कायम हुने शेयरधनीको नाम र शेयर सङ्ख्या |
|---|---|
| १. झगिकला पन्थी (०१ देखि ८०००० सम्म) | १. शान्ता अधिकारी (०१ देखि ८०००० सम्म) |

**माइग्रेसन प्रमाणपत्र हरायो**

मिति २०८२/०२/०२ गते काठमाडौं वडा नं.७ सिफलदेखि गौशालासम्म जाने क्रममा कक्षा ११ र १२ प्लस टु +2 को माइग्रेसन ट्रान्सक्रिप्ट्स तथा मेरो निम्न व्यहोरा भएको प्रमाणपत्र हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनुहुन अनुरोध गर्दछु ।

नाम थर : Raj Kumar Basnet
क्याम्पसको नाम : Diktel Multiple Campus
ठेगाना : Diktel, Khotang, Nepal
रजिस्ट्रेसन नं: SLC S.N.: 6812038043, NEB : 701301132
सिम्बोल नं: SLC-0121543 'S', NEB : 41300041
सम्पर्क नं: 9852849366

**एनएमबि बैंक लिमिटेड**
**बबरमहल, काठमाडौं फोन नं.: ५३४६१६०**
**हकदाबी गर्न आउने बारेको ३५ (पैंतीस) दिने सार्वजनिक सूचना**
**प्रकाशित मिति: २०८२/२/११**

यस बैंकका निक्षेपकर्ता श्री रिसभदेव कणेलको छोरा, काठमाण्डौं जिल्ला, छत्रेदेउराली नगरपालिका वडा नं. ८ घर भई हाल काठमाडौं जिल्ला, नागार्जुन नगरपालिका वडा नं. ४ बस्ने वर्ष ७८ को श्रीमान कुलराज कणेल (ना.प्र.प.नं. ६६५४, जारी मिति २०५९/१०/०७ जि.प्र.का. धादिङ) को मिति २०७६/०५/२५ गते निधन भएकोले मृतकको नाममा यस बैंकमा खोलिएको बचत खातामा रहेको रकमहरु उपलब्ध गराई दिनुहोस् भनी निजको छोरी श्रीमती अम्विका कडेलले मृत्यु दर्ताको प्रमाणपत्र, नाता प्रमाणपत्र लगायतका कागजातहरु समेत संलग्न गरी निवेदन दिनु भएको हुँदा निज निक्षेपकर्ताको निक्षेपमा अन्य कुनै व्यक्तिको हकदाबी रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र हकदाबी गर्न आउनु हुन अनुरोध छ । अन्यथा उपरोक्त बमोजिमको निक्षेप रकमहरु निवेदकको माग बमोजिम मृतकको छोरी श्रीमती अम्विका कडेलको हक कायम हुने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**युएईमा रोजगार** कम्पनी : STREAM RECRUITMENT - SOLE PROPRIETORSHIP L.L.C
पूर्व स्वीकृति मिति : २०८२/०२/१० LT. No. 324347 चलानी नं. ६०२३८३८६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव UAE | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Carpenter | 38 | 0 | 1200 | ४४,४८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Helper | 50 | 0 | 1000 | ३७,०६६ | | | | | | | |
| 3 | Scafolder | 9 | 0 | 1200 | ४४,४८० | | | | | | | |
| 4 | STEEL FIXER | 3 | 0 | 1200 | ४४,४८० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ जेठ १९ गते (6th Jun 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत न .७९७/०६५/०६६
**Saudi Nepal Recruitment Agency Pvt.Ltd.**
Ganesh Basti, Maharajgunj 04, Kathmandu, Nepal, Tel.+977-01-4720350, 4720849, 5908112, E-mail:info@saudinepal.comWebsite :www.saudinepal.com

Government of Gandaki Province
**Ministry of Physical Infrastructure Development and Transport Management, Pokhara, Gandaki Province.**

**Re-Invitation for Electronic Bids**

Date of Publication: **2082/02/11**

The Ministry of Physical Infrastructure Development and Transport Management (MoPIDTM), Pokhara, Kaski invites electronic bids for Supply and Delivery of two-wheeler Scooters under SQ Procedures. All other information and Bid Documents can be downloaded from PPMO's website **www.bolpatra.gov.np.egp.** All eligible bidders are requested to submit the bid with the requested documents with in the mentioned period.

| SN | Contract ID | Description of Work | Nos. | Bid Security | Bid Documents fee (NRs.) | Deadline of bid Submission |
|---|---|---|---|---|---|---|
| 1 | MoPIDTM/GOODS/ SQ/RE-01/2081/2082 | The Supply and Delivery of Two Wheeler Scooter | 03 | 22,000.00 | 1000/- | 2082/02/26 12:00 Noon. |


## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

आइतबार, ११ जेठ, २०८२

| | |
|---|---|
| **मेष** | सानोतिनो समस्याले अल्झाउन सक्छ । |
| **वृष** | विवादास्पद कामको जिम्मेवारी आउनेछ । |
| **मिथुन** | सोचेको उपलब्धी तत्काल प्राप्त नहुने । |
| **कर्कट** | काम गर्दा सकारात्मक सङ्केत प्राप्त हुनेछ । |
| **सिंह** | कामको मेरो नमिल्दा केही अलमल्ल हुनेछ। |
| **कन्या** | नयाँ कामको अवसर प्राप्त हुनसक्छ । |
| **तुला** | सुखद समाचारले उत्साह जगाउनेछ । |
| **वृश्चिक** | सामाजिक जिम्मेवारी उपलब्ध हुनेछ । |
| **धनु** | प्रियजनसँग रमाइलो भेटघाट हुनेछ । |
| **मकर** | मिहिनेत गर्दा आम्दानीको स्रोत फेला पर्ला । |
| **कुम्भ** | सम्भावना देखिए पनि समयमा काम नहुने । |
| **मीन** | रोकिएका काम सम्पादन हुनेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५र६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ४२५५५४०/४२५५५४१ |
| एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल | ६६१२२६६ |
| किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

११ जेठ, २०८२ (२५ मे २०२५)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १३६.७३ | १३७.३३ |
| युरो | १ को | १५५.०३ | १५५.७१ |
| पाउन्ड स्टिर्लङ | १ को | १८३.३६ | १८४.१७ |
| स्विस फ्रैन्क | १ को | १६५.९० | १६६.६३ |
| अस्ट्रेलियन डलर | १ को | ८८.१४ | ८८.५३ |
| क्यानाडियन डलर | १ को | ९८.५० | ९८.९३ |
| सिङ्गापुर डलर | १ को | १०६.०७ | १०६.५३ |
| जापानी येन | १० को | ९.५२ | ९.५६ |
| चिनियाँ युआन | १ को | १८.९८ | १९.०६ |
| साउदी अरब रियाल | १ को | ३६.४५ | ३६.६१ |
| कतारी रियाल | १ को | ३७.५१ | ३७.६८ |
| थाई भाट | १ को | ४.१७ | ४.१९ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३७.२३ | ३७.३९ |
| मलेसियन रिङेट | १ को | ३२.०२ | ३२.१६ |
| दक्षिण कोरियन वन | १०० को | ९.९४ | ९.९८ |
| स्विडिस क्रोनर | १ को | १४.२८ | १४.३४ |
| डेनिस क्रोनर | १ को | २०.७८ | २०.८८ |
| हङकङ डलर | १ को | १७.४६ | १७.५४ |
| कुवेती दिनार | १ को | ४४५.५८ | ४४७.५३ |
| बहराइन दिनार | १ को | ३६२.६६ | ३६४.२५ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।



**साकेला सिलीको समापन** | भोजपुर सदरमुकाममा रहेको स्थानीय टुँडिखेलमा शनिबार उभौली पर्वअन्तर्गत साकेला सिली नाच्दै किराँत समुदाय । यस पर्वअन्तर्गत शनिबारबाट साकेला सिली समापन गरिएको छ । *तस्बिरः निरोज कोइराला/रासस*

# ‘राजनीतिक नेतृत्वकै कारण गणतन्त्रमाथि चुनौती’

**काठमाडौं (प्रस)–** राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्रबहादुर केसीले प्रमुख राजनीतिक दलका नेतृत्वको क्रियाकलापका कारण गणतन्त्रमाथि चुनौती उत्पन्न भएकाले नेताहरू सच्चिनुपर्नेमा जोड दिएका छन् ।

गणतन्त्र दिवस-२०८२ को अवसर पारेर राष्ट्रिय जनमोर्चाले शनिबार यहाँ आयोजना गरेको अन्तरक्रियामा उनले गणतन्त्रलाई सुदृढ तुल्याउन सुशासन, भ्रष्टाचार नियन्त्रण र अनियमितता अन्त्य गर्नुपर्ने सुझाव दिए । अध्यक्ष केसीले भने, ‘त्यसका लागि नेपालका सबै देशभक्त, लोकतन्त्र पक्षधर राजनीतिक शक्ति, बुद्धिजीवी र आमजनताकोसमेत गम्भीर ध्यान जानुपर्ने आवश्यकता छ ।’




नेपाल कम्युनिस्ट पार्टी (मसाल) का महामन्त्री मोहनविक्रम सिंहले राजनीतिक उपलब्धिको रक्षा गर्दै देशलाई प्रतिगमनको दिशामा जानबाट रोक्न परिवर्तन पक्षधर नेपाली जनता एकताबद्ध हुनुपर्नेमा जोड दिए । उनले भने, ‘प्रतिगमन वा राजतन्त्रको पुनर्स्थापना जस्तो प्रयत्नलाई पराजित गर्न संघर्षलाई अगाडि बढाउनु अहिलेको आवश्यकता हो ।’

वरिष्ठ अधिवक्ता टीकाराम भट्टराईले वर्तमान संविधानको मर्म ठीक भएको र मुलुकको राजनीति ‘तरमारा’ वर्गको इसारामा अघि बढेकाले गणतन्त्र कैदमा देखिएको बताए। वरिष्ठ अधिवक्ता एकराज भण्डारीले वैज्ञानिक समाजवादी गणतन्त्र र समृद्धिका लागि राष्ट्रिय एकताको आवश्यकता औंल्याए ।

वामपन्थी नेता नवराज सुवेदीले सत्ता र बाहिर रहेका दलहरूबीचको गहिरो खाडललाई साँघुर्‍याउँदै लैजानुपर्ने बताए । विश्लेषक झलक सुवेदीले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था प्रगतिशील भए पनि शासकीय भूमिकामा रहेका व्यक्तिको शैली र कार्यपद्धतिका कारण मुलुकले आशातीत सफलता पाउन नसकेको जिकिर गरे ।

बढे विपद्‍का घटना

# १० महिनामा दैनिक औसत २७ घटना

■ प्रभाव संवाददाता



**काठमाडौं–** पछिल्लो १० महिनामा औसतमा दैनिक २७ वटा विपद्‍का घटना घटेका छन् । ती घटनामा मृत्यु भएका ५८९ जनाको शव व्यवस्थापन गरिएको नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता प्रहरी वरिष्ठ उपरीक्षक रमेश थापाले जानकारी दिए ।

उनका अनुसार गएको मनसुनमा धेरै विपद्‌जन्य घटना घटेको र मानवीय क्षतिसमेत भएको थियो। प्रवक्ता थापाले १० महिनामा विपद्‍का आठ हजार २८३ घटना घटेको बताए । ती घटनाहरूमा परेर एक हजार ५१८ घाइते भएका छन् । कूल ३२ परिवार विस्थापित भएका उनले बताए ।

ती विपद्‌जन्य घटनाहरूमा ५३ हजार प्रहरी जनशक्ति परिचालन गरी खोजतलास, उद्धार, राहत तथा सुरक्षित स्थानान्तरण गरिएको प्रहरीले जनाएको छ । मनसुन प्रवेशको सँघारमा रहेकाले विपद् प्रतिकार्यका लागि प्रहरीले योजना निर्माण गरी आवश्यक तयारी गरिरहेको प्रवक्ता थापाको भनाइ छ।

केन्द्रमा विपद् व्यवस्थापन कार्यालय रहेको र सबै प्रदेशमा विपद् व्यवस्थापन गुल्ममार्फत टोली परिचालन हुने जनाइएको छ। जिल्लामा आवश्यकताका आधारमा विपद् व्यवस्थापन टोली परिचालन हुने प्रहरीले जनाएको छ ।

जल तथा मौसम विज्ञान विभागले यस वर्षको मनसुनमा सरदरभन्दा बढी वर्षा हुने आकलन सार्वजनिक गरिसकेकाले प्रभावकारी विपद् व्यवस्थापन अघि बढाउन आवश्यक भएको र सोहीअनुसार तयारी भइरहेको प्रहरी प्रधान कार्यालयले जानकारी दिएको छ ।

# नागढुंगा–नौबिसे सडक दैनिक साढे चार घण्टा बन्द

**काठमाडौं (प्रस)–** संघीय राजधानीको प्रदेशबिन्दु नागढुंगा-नौबिसे सडक शनिबारदेखि दिउँसो साढे चार घण्टा बन्द हुन थालेको छ। यससँगै अब यही जेठ २५ गतेसम्म हरेक दिन दिउँसो चार घण्टा बन्द हुने भएको छ ।

नारायणगढ-मुग्लिन सडक योजना (पूर्वी खण्ड) ले शनिबारदेखि यही जेठ २५ गतेसम्म बिहान १० :३० बजेदेखि अपाह्न ३:०० बजेसम्म उक्त सडक बन्द गरेर काम थालेको जनाएको छ । काठमाडौंका प्रमुख जिल्ला अधिकारी ऋषिराम तिवारीले काठमाडौं र धादिङ जिल्ला प्रशासनसँगको समन्वयमा उक्त निर्णय भएको जानकारी दिए ।

आयोजनाले नागढुंगा-पिपलामोड खण्ड निर्माणका लागि सडक बन्द गर्नुपरेको बताएको छ । नारायणगढ मुग्लिन सडक योजना (पूर्वी खण्ड)ले काठमाडौंबाट जाने सवारीसाधन नागढुंगामा र नौबिसेतर्फबाट काठमाडौं आउने सवारीसाधन खानीखोलामा रोकिने जनाएको छ । प्रहरीले विकल्पमा धार्केसीतापाइला तथा टोखा( छहरेत्रिशूलीगल्छी सडक प्रयोग गर्न अनुरोध गरेको छ ।

# ऐन कार्यान्वयनपछि पनि घटेन जातीय भेदभावका घटना

## १४ वर्षमा १७ जनाको ज्यान गयो



**काठमाडौं (प्रस)–** जातीय भेदभाव तथा छुवाछूत (कसुर र सजाय ऐन, २०६८’ जारी भएको १४ वर्ष पूरा भएको छ। तर ऐन कार्यान्वयनपछि पनि जातीय भेदभाव तथा छुवाछूतका घटनामा कमी आउन नसकेको पाइएको छ ।

यस अवधिमा पानी, चुल्हो छोएको र अन्तरजातीय विवाह गरेको निहुँमा १७ जना दलित समुदायका व्यक्तिको हत्या भएको छ भने कयौं सामाजिक बहिष्करणमा परेको समता फाउण्डेसनले जनाएको छ। फाउण्डेसनका अनुसार ऐन लागू भएपछि राजेश नेपाली (पर्वत), रूपमतीकुमारी दास (मोरङ), नवराज विक (जाजरकोट) मनवीरे सुनार (कालीकोट), शिवशंकर दास (सप्तरी), सेते दमाई (दैलेख), झुमा विक (ताप्लेजुङ), संगीता परियार (तनहुँ) र अस्मिता सार्की (झापा) को हत्या भएको छ ।

त्यसैगरी लक्ष्मी परियार (काभ्रे), अजित मिजार (काभ्रे), श्रेया सुनार (कास्की), मना सार्की (कालीकोट), दितीया रेश्मा रसाइली (धनुषा), माया विक (कैलाली), टीकाराम नेपाली (रुकुम) र अंगिरा पासी (रूपन्देही) को पनि हत्या गरिएको फाउण्डेसनका अध्यक्ष डा. मदन परियारले जानकारी दिए ।

ऐनबमोजिम कसुर गरेको ठहरेमा अदालतले कसुरदारबाट पीडितलाई दुई लाख रूपैयाँसम्म क्षतिपूर्ति भराइदिनुपर्ने व्यवस्था छ। कसुर गर्नेलाई तीन महिनादेखि तीन वर्षसम्म कैद र ५० हजारदेखि दुई लाख रूपैयाँ जरिवाना हुने पनि व्यवस्था छ । छुवाछूतका घटनालाई गाउँमै मिलापत्र गर्ने, प्रहरी प्रशासनले ऐनबारे अनविज्ञता प्रकट गर्दै उजुरी दिन आनाकानी गर्ने र यदि उजुरी दर्ता गरेपनि पीडककै पक्षमा फैसला हुने गरेको अध्यक्ष परियारको बताउँछन् । अन्तरजातीय विवाह गरेकै कारण थुप्रै जोडी र दलित परिवार विस्थापित भएका छन् ।

२०६८ जेठ १० गते व्यवस्थापिका संसद्‌को बैठकले सर्वसम्मतिबाट ‘जातीय भेदभाव तथा छुवाछूत (कसुर र सजाय) ऐन, २०६८’ पारित गरेको थियो । ऐन संसद्‌बाट पारित भएलगत्तै दैलेख तोली गाविस-२ धनीगाउँ निवासी सन्तबहादुर दमाई र सोही स्थान बस्ने राजकुमारी शाहीबीच प्रेम सम्बन्ध कायम भई दुवैको आपसी समझदारीमा प्रेमविवाह गरेको निहुँमा राजकुमारी शाहीको माइतीपक्षले २०६८ साल भदौ १४ गते सन्तबहादुरका बाबु सेतेलाई सांघातिक आक्रमण गरेपछि निजको मृत्यु भएको थियो।

नेकपा माओवादी केन्द्रका नेता पर्शुराम रम्तेलले ऐनको प्रभावकारी कार्यान्वयनमा राज्य गम्भीर हुनुपर्ने धारणा व्यक्त गरे । ‘मुलुकमा संघीय लोकतान्त्रिक गणतन्त्रको अभ्यास भइरहेको छ। सामाजिक न्यायमा आधारित समाज निर्माणसँगै मुलुकलाई आर्थिक विकासको बाटोमा अगाडि बढाउने भनिएको छ । तर कूल जनसंख्याको १४ प्रतिशत दलित समुदाय अहिले पनि विभेदको जीवन बाँचिरहेको छ,’ उनले भने । दलित समुदायमाथि भइरहेको जातीय भेदभाव तथा छुवाछूतलाई पूर्णरूपमा अन्त्य गर्न ऐनको व्यावहारिकरूपमै प्रभावकारी कार्यान्वयन गर्नुपर्ने दलित अधिकारकर्मी बताउँछन् ।


**Harion Municipality**
**Office of the Municipal Executive**
Harion (Sarlahi)
Madhesh Province, Nepal

**Invitation for Bids**

***First published date: 2082-02-11***

1. Harion Municipality invites electronic bids from eligible bidders for the procurement of following Work under National competition Bidding (NCB) Procedure.

| Contract Identification No. | Description | Bid Security Amount Npr. | Estimated Amount (with VAT) | Bid Validity Period | Bidding Document Cost, Npr. |
|---|---|---|---|---|---|
| HM/GOODS/NCB-18/2081/082 | Construction of RCC Frame School Building for Gelha Pra.Bi., Harion-04,Sarlahi | 1,50,000.00 | 56,10,000.00 | 120Days | 3000.00 |

2. Eligible bidders may obtain further information and inspect the bidding documents at e-GP system www.bolpatra.gov.np/egp

**Chief Administrative Officer**

**Mirchaiya Municipality**
**Office Of The Municipal Executive**
**Mirchaiya, Siraha**
**Province Madhesh, Nepal**

**Invitation For Sealed Quotation**

**Invitation For Bids IFB:- 06- MM- 2081/82**
**First Publication Date: 2082/02/11 (May-25, 2025)**

1. **Mirchaiya Municipality** Office of Municipal Executive, Mirchaiya,Siraha invites electronic sealed quotations from registered Suppliers for the supply and delivery of the following goods:
2. **A Complete set of Bidding Documents may be downloaded from the PPMO e-Portal-WWW.Bolpatra.gov.np/egp(e-GP II) .**

| S. N. | Contract ID. | Description of works | Bid Security amount (Nrs.) | Cost of bidding documents (Nrs.) | Bidding Procedure | Last Date Of Bid Submission | Last Date Of Bid Opening |
|---|---|---|---|---|---|---|---|
| 1. | 06-MM-SQ GOODS-2081/82 | Supply and Delivery of Sanitary Pad for school girls | 50,000.00 | 1,000.00 | Sealed Quotation | 2082/02/26 (Jun-09, 2025 at 12:00) | 2082/02/26 (Jun-09, 2025 at 13:00) |

**a. Information to deposit the cost of bidding document in Bank:**
i. Name of the Bank : NIC ASIA MIRCHAIYA
ii. Name of Office : MIRCHAIYA MUNICIPALITY, SIRAHA
iii. Name of Account : GA 1.1- ANTARIK RAJASHWA KHATA
iv. Rajaswa ( revenue ) Account No : 0662050029387002

**b. Information to deposit the Bid Security in Bank:**
i. Name of the Bank : NIC ASIA MIRCHAIYA
ii. Name of Office : MIRCHAIYA MUNICIPALITY, SIRAHA
iii. Name of Account : GA 3- DHARAUTI KHATA
iv. Account No. : 6641498748524002

3. Employer Name **: MIRCHAIYA MUNICIPALITY OFFICE OF THE MUNICIPAL EXECUTIVE MIRCHAIYA, SIRAHA PROVINCE MADHESH, NEPAL,** Email : **munmirchaiya272@gmail.com**

4.The Employer reserves the right to accept or reject any bid, and to annual the process and reject all bids at any time prior to contract award.

**Chief administrative officer**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# जातीय भेदभाव तथा छुवाछूतविरुद्ध निर्मम बन

मुलुकमा विभिन्न तन्त्रहुँदै गणतन्त्रसम्म आइपुग्दा पनि जातीय विभेद तथा छुवाछूत हट्न नसक्नु विडम्बनाको विषय हो । विगतमा राज्यबाटै जात व्यवस्था कायम गरेर कसैलाई ठूलो, कसैलाई सानो, कसैलाई अछूत बनाइयो । जसको परिणाम मानव–मानवबीचमै विभेदको अवस्था सिर्जना भयो । मानव सबै एउटै हुन्, जात उसको पहिचान हो । तर, जातकै आधारमा विभेद गरिनु अपराध हो । यस्तो विभेद गर्नेमाथि अहिले कानुनीरूपमा दण्ड सजाय हुने व्यवस्था संविधानमै गरिएको छ । यद्यपि वर्षौंदेखिको यो भेदभाव तथा छुवाछूतको अवस्था गणतान्त्रिक व्यवस्थामा पनि हट्न सहेको छैन ।

त्यसो त जातीय भेदभाव तथा छुवाछूत (कसुर र सजाय ऐन, २०६८) जारी भएको १४ वर्ष पूरा भएको छ । २०६८ जेठ १० गते व्यवस्थापिका संसद्को बैठकले सर्वसम्मतिबाट 'जातीय भेदभाव तथा छुवाछूत (कसुर र सजाय) ऐन, २०६८' पारित गरेको थियो ।  तर ऐन कार्यान्वयनपछि पनि जातीय भेदभाव तथा छुवाछूतका घटनामा कमी आउन नसकेको पाइएको छ । यस अवधिमा पानी, चुल्हो छोएको र अन्तरजातीय विवाह गरेको निहुँमा १७ जना दलित समुदायका व्यक्तिको हत्या भएको तथ्यांक समता फाउण्डेसनले सार्वजनिक गरेको छ । फाउण्डेसनका अनुसार थप कयौं सामाजिक बहिष्करणमा परेका छन् ।

उक्त ऐन लागू भएपछि राजेश नेपाली (पर्वत), रूपमतीकुमारी दास (मोरङ), नवराज विक (जाजरकोट) मनवीरे सुनार (कालीकोट), शिवशंकर दास (सप्तरी), सेते दमाई (दैलेख), झुमा विक (ताप्लेजुङ), संगीता परियार (तनहुँ), अस्मिता सार्की (झापा), लक्ष्मी परियार (काभ्रे), अजित मिजार (काभ्रे), श्रेया सुनार (कास्की), मना सार्की (कालीकोट), दितीया रेश्मा रसाइली (धनुषा), माया विक (कैलाली), टीकाराम नेपाली (रुकुम) र अंगिरा पासी (रूपन्देही) को हत्या भएको फाउण्डेसनले सार्वजनिक गरेको विवरणमा उल्लेख छ ।

ऐनबमोजिम कसुर गरेको ठहरेमा अदालतले कसुरदारबाट पीडितलाई दुई लाख रूपैयाँसम्म क्षतिपूर्ति भराइदिनुपर्ने व्यवस्था छ । कसुर गर्नेलाई तीन महिनादेखि तीन वर्षसम्म कैद र ५० हजारदेखि दुई लाख रूपैयाँ जरिवाना हुने पनि व्यवस्था छ । छुवाछूतका घटनालाई गाउँमै मिलापत्र गर्ने, प्रहरी प्रशासनले ऐनबारे अनविज्ञता प्रकट गर्दै उजुरी दिन आनाकानी गर्ने र यदि उजुरी दर्ता गरे पनि पीडककै पक्षमा फैसला हुने गरेको फाउण्डेसनको भनाइ छ ।

ऐन बनाएर लागू गर्दैमा मात्रै समस्या सुल्झिदैन भन्ने यसले पुष्टि गर्छ । ऐनको प्रभावकारी कार्यान्वयन गर्न नसक्नु सरकारको कमजोरी हो । जातीय भेदभाव तथा छुवाछूतमा संलग्न दोषीउपर सरकार निर्मम रूपमा प्रस्तुत नहुने हो भने यो समस्या ज्युँका त्युँ रहने देखिन्छ । त्यसैले यस विषयमा सरकारसँगै सरोकारवाला सबैको ध्यान जान जरुरी छ ।

# देशको नेतृत्वसँग जनताको अपेक्षा



■ पदम श्रेष्ठ

> देश विकासका लागि मुख्यतः स्पष्ट राष्ट्रिय नीति चाहिन्छ, जुन हामीकहाँ अहिलेसम्म खड्किएको विषय हो । विशेषगरी पानी, इन्धन, खानी, वन, जडीबुटी र परराष्ट्रसम्बन्धी राष्ट्रिय नीति स्पष्ट बन्नुपर्दछ । जल, जमिन, जंगल जडीबुटी र जनशक्तिलाई कसरी राष्ट्रको हितमा सदुपयोग गर्ने स्पष्ट दीघकालीन खाका तयार गर्नु पर्दछ । देशभित्र राष्ट्रिय पुँजीको संरक्षण हुनुपर्‍यो भनी आवाज उठ्छ तर जनताको संसद्का नेताहरु विदेशी पुँजीको संरक्षण गर्न राजनेताहरु सुटुक्कै अमेरिका, भारत, युरोपियन युनियनसँग एमसिसी, एसपिपीजस्ता सम्झौता गर्छन् । यस्तो प्रवृत्ति अब दोहोरिनु हुन्न ।

हो, देशमा जतातत्तै साधुलाई सुली र चोरलाई चौतारोको अवस्था मडारिरहेको अवस्था छ । बहुसंख्यक जनताले रुचाएका रवि लामिछानेलाई आरोप प्रमाणित नभए पनि जेल कोच्ने कार्य भएको छ । आदर्श राजनीतिका प्रतीक नेपाल मजदुर किसान पार्टीका एकमात्र सांसद प्रेम सुवाललाई बोल्नसमेत दिइँदैन भने बोलेको कुराको मूल्यांकनसमेत गरिँदैन । भ्रष्टाचारको आधारसहित उच्च तहका नेताहरूलाई जेल हाल्नुपर्छ भन्दै बोल्ने डा. अमरेशकुमार सिंहको आरोपको वादप्रतिवाद केही पनि गरिँदैन । आरोपित नेता, सचिव कर्मचारीलाई कारबाही गरिँदैन ।

अर्कोतर्फ उज्यालोका प्रतीक कुलमान घिसिङलाई शून्य मूल्यांकनको नम्बर दिएर पदमुक्त गरिन्छ, बन्द वीरगञ्ज कृषि औजार कारखाना खोल्न र आविष्कार केन्द्रलाई व्यापक बनाएर देशभित्रै वैज्ञानिक उत्पादन थाल्न जिउज्यान दिएर लाग्ने व्यक्तित्त्व महावीर पुनलाई आफ्नो किताब बेचेर देशको काम गर्न बाध्य पारिन्छ भने काठमाडौं महानगरपालिकाका मेयर बालेन्द्र (बालेन) साहलाई चौतर्फी भ्रष्टाचारीहरूको नाकाबन्दी गराएर एक्लो पारिन्छ । धेरै नबोल्ने तर काममात्र गर्ने धनगढीका मेयर गोपी हमाललाईचाहिँ खासै राज्यसत्ताको कुदृष्टि परेको छैन । धरानका मेयर हर्क साङपाङलाई त पातल बनाउन के मात्र गरेनन् भन्ने तथ्य जगजाहेरै छ ।

एक तर्फमात्र सोच्ने हो भने काम गरिखाने युवा जमात विदेसिएर देश खोक्रो, खाली हुँदै गइरहेको छ । केही गर्छु भनेर आएकालाई विभिन्न आरोप लगाएर जेल कोच्ने, अनेक दुःख दिएर प्रताडित गराउने कार्य भइरहेको छ । तर अर्कोतर्फ सोच्ने हो भने यो विकृति विसंगतिको समापन अवस्था पनि हो भन्ने लाग्छ मलाई । किनकि जनतामा देशभित्र आएको बहुदलीय गणतन्त्र, धर्मनिरपेक्षता, संघीयता भन्ने व्यवस्था कति ठीक कति बेठीक भनेर छुटयाउन सक्ने अवस्था सिर्जना भएको छ । जनता जुनसुकै पार्टीभित्र पनि को असल को दुष्ट हुन् भन्ने कुरा छुटयाउन सक्ने स्थिति प्राप्त भएको छ । पहिलेजस्तो राजाले बोलेको अह्राएको ढुंगाको लिकिर भन्ने अवस्था छैन । सबैभन्दा ठूलो कुरा जनतामा सत्यतथ्य खुटयाउन सक्ने चेतनाको विकास भएको छ । जसले जे भने पनि यो सबै चेतनाको विकास १० वर्षे जनयुद्ध र १९ दिने जनआन्दोलनपछि स्थापित राजनीतिक संघर्षले गर्दा नै हो । तर त्यो चेतनालाई जनताले मूल्यांकन गरेर कसको पालामा कसले के गरेर गए भन्नेबारे सम्मान र बदनाम पनि गर्दै जान सक्ने हुनुपर्दछ ।

यहाँ गणतन्त्र स्थापनापछि भएका केही राम्रा कामहरू उल्लेख गर्न चाहन्छु :

१) स्वदेशी श्रम सीप र प्रविधिलाई प्रवर्द्धन गर्न डा. बाबुराम भट्टराई प्रधानमन्त्री हुँदा गोल्छाको शेर्पा गाडी उत्पादन र प्रयोगको थालनी ।
२) कृषि उत्पादनका लागि समयमा नै मल, बीउ, सिँचाइको प्रबन्ध गर्ने र देशभित्रै रासायनिक मल कारखाना खोल्ने वचनबद्धता (यद्यपि, अझै अधुरै) ।
३) माओवादी सरकारको पालामा देशभित्रै जलस्रोत उत्पादन र सदुपयोग थाल्ने कार्य । जसको कार्यान्वयनका लागि उज्यालोका प्रतीक कुलमान घिसिङलाई विद्युत् प्राधिकरणमा ल्याई चौबीसै घण्टा बिजुली आउने कार्य । उनकै पहलमा आकाशमाथि गुजुल्टिएका तारहरूलाई भूमिगत गर्ने कामको थालनी ।
४) ऊर्जामन्त्री पम्फा भुषालको कार्यकालमा ३० युनिटभन्दा कम बिजुली खपत गर्नेलाई महसुल नलाग्ने व्यवस्था ।
५) माओवादी सत्तामा रहेको बेला पार्टीभित्र र सरकारमा पनि समानुपातिक समावेशी प्रतिनिधित्व गरिनुका साथै राज्यको सर्वोच्च पद राष्ट्रपति र उपराष्ट्रपतिमा उत्पीडित दलित र जनजाति महिलालाई उठाएर उदाहरण प्रस्तुत ।
६) पुष्पकमल दाहालको प्रधानमन्त्रित्वकालमा उपप्रधान तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठ जुन हदसम्म नेपालीलाई भुटानी शरणार्थी बनाएर अमेरिका पठाउने उच्चपदस्थ दलाल नेताहरू, पूर्वउपप्रधान तथा गृहमन्त्रीलाई समेत जेल पठाउन सफल । उक्त कर्म नेपाली इतिहासमा स्वर्ण अक्षरले लेखिने छ । त्यसैगरी ललिता निवासकाण्ड, पशुपति जलहरीकाण्डलगायतका भ्रष्टाचारीको फाइल खोलिनुलाई जनताले असल मानेका छन् ।

तर पार्टीभित्र र बाहिरबाट पनि आत्मालोचना गरी आफूलाई कानुनी घेरामा ल्याउने र देशभित्रै रोजगारीको सिर्जना गर्न जल, जमिन, जंगल, जडीबुटी, जनशक्तिलाई व्यापक सदुपयोग गरी नयाँ कोणबाट समाजवादी आन्दोलनलाई उठाउने हो भने अझै पनि माओवादी आन्दोलनको उपादेयताले जरा फैलाउनसक्ने जनआवाज पाइन्छ ।

## अबको नेतृत्वसँग जनअपेक्षा

अबको नेतृत्वले देश विकासका लागि स्वदेशी श्रम, सीप र प्रविधिको जगमा अगाडि बढ्नुको विकल्प छैन । आज एउटा देशले दुःख दियो भनेर अर्को देशको भरमा जान्छौं भोलि त्यो देशले पनि सधैं साथ दिइरहन्छ भन्ने त निश्चित छैन । वास्तवमा हामीलाई छिमेकी, विदेशीले सहयोग दियो भन्दैमा जे पनि, जस्तो पनि स्वीकार्दै जानु हुँदैन भन्ने विश्वास बढेको पाइन्छ देशमा । विदेशीले निःशुल्क अस्पताल बनाइदिन्छ, औषधि बनाउने सीप वा प्रविधि दिँदैन । सडक बनाइदिन्छ, गाडी दिन्छ तर आत्मनिर्भर बन्ने प्रविधि दिँदैन । बरु उल्टै अस्पतालमा औषधि, सडकमा उनीहरूको प्रविधि, सामग्री अनिवार्य प्रयोग गर्न बाध्य पार्दछ । त्यसैले यसका लागि अबको राजनीतिक नेतृत्वले आत्मनिर्भर हुने राष्ट्रिय र अन्तर्राष्ट्रिय नीति अवलम्बन गर्नुपर्छ ।

## स्पष्ट राष्ट्रिय नीति

देश विकासका लागि मुख्यतः स्पष्ट राष्ट्रिय नीति चाहिन्छ, जुन हामीकहाँ अहिलेसम्म खड्किएको विषय हो । विशेषगरी पानी, इन्धन, खानी, वन, जडीबुटी र परराष्ट्रसम्बन्धी राष्ट्रिय नीति स्पष्ट बन्नुपर्दछ । जल, जमिन, जंगल जडीबुटी र जनशक्तिलाई कसरी राष्ट्रको हितमा सदुपयोग गर्ने स्पष्ट दीघकालीन खाका तयार गर्नु पर्दछ । देशभित्र राष्ट्रिय पुँजीको संरक्षण हुनुपर्‍यो भनी आवाज उठ्छ तर जनताको संसद्का नेताहरू विदेशी पुँजीको संरक्षण गर्न राजनेताहरू सुटुक्कै अमेरिका, भारत, युरोपियन युनियनसँग एमसिसी, एसपिपीजस्ता सम्झौता गर्छन् । यस्तो प्रवृत्ति अब दोहोरिनु हुन्न ।

## स्वदेशी उत्पादनको प्रयोग

देशभित्र उत्पादन नहुने इन्धनमात्र होइन, कुनै पनि खाने, लगाउने र प्रयोग गर्ने सामग्री सकेसम्म कम प्रयोग गर्ने गराउन जरुरी छ । यसका लागि बहुसंख्यक जनताको पहुँच पुग्ने ठूलठूला सवारीसाधन मात्र सार्वजनिक सवारीको साधनका रूपमा सञ्चालन गर्ने ।

टोलैपिच्छे न्यूनतम शुल्कमा सार्वजनिक एम्बुलेन्स राख्ने, साइकल, ब्याट्रीबाट चल्ने सवारीसाधन, रिक्सा, ठाउँअनुसार टाँगा, घोडा, खच्चड, बयलगाडा आदि प्रयोग गर्न सकिन्छ । खानेकुरामा पनि जुम्ला, मुस्ताङको स्याउ भनौं वा फर्पिङको नास्पाती, सिन्धुलीको जुनार भनौं वा लालबन्दीको गोलभेडासम्म देशभित्र उत्पादित अन्न फलफूल तरकारी भएसम्म बाहिरबाट आउनलाई रोक्ने नीति अवलम्बन गर्दै लान सक्नुपर्छ ।

## वैकल्पिक इन्धनको प्रयोग

खाना पकाउन वा अन्य कार्यमा वैकल्पिक इन्धनको रूपमा विद्युत्, सौर्य/वायु ऊर्जा, कौसी बार्दली भएकाले सुधारिएको चुल्हो, भुसे चुल्हो, चार्कोल आदि प्रयोग गर्न प्रोत्साहनका लागि वडा, गाउँ वा नगरपालिकास्तरीय कार्ययोजना ल्याउनुपर्ने जनआवाज पाइन्छ । स्थानीय सहभागितामा जति सक्छ, छिटो स-साना बिजुलीका स्रोत निकाल्दै जाने, यदि ठूलठूला हाइड्रोपावर निकाल्ने हो भने देशवासीलाई नै सेयर आह्वान गर्ने, अन्यथा बढी फाइदा आफ्नो देशलाई जसले दिन्छ, उसैलाई निर्माणको जिम्मा लगाउने गर्नुपर्दछ ।

## भू-उयोग नीति

खाद्यमा आत्मनिर्भरताका लागि भू-उपयोग नीतिअन्तर्गत जमिन खाली राख्न नपाइने नीति देशभर तत्काल लागू गर्ने । खेतीयोग्य जमिनमा घर बनाउन नपाइने नीति कार्यान्वयन गर्दै सरकारले कृषकलाई समयमा नै मल, बीउ र सिँचाइको प्रबन्ध गरिदिने नीति ल्याउन सके खाद्य अभावबाट देशलाई विदेशीको गुलाम बन्नुपर्ने स्थिति आउँदैन थियो । बाँझो जमिन खेती किसानी गरेर खान पाइने तर जसको जोत उसको पोत, किनबेच आदि गर्न नपाइने नीति अवलम्बन गर्न पाए सुनमाथि सुगन्ध हुने थियो भन्ने मत धेरै पाइन्छ ।

## पर्यटन र हस्तकला उद्योगको प्रवर्द्धन

नेपालमा सबैभन्दा धेरै सम्भावना बोकेको क्षेत्र हो पर्यटन । विश्वको सर्वोच्च शिखर सगरमाथादेखि शान्तिका अग्रदूत भगवान् गौतम बुद्धको जन्मभूमि तथा अन्य विभिन्न धार्मिक, ऐतिहासिक र सांस्कृतिक सम्पदाहरूको अवलोकन गराउन ठूलो संख्यामा विदेशी पर्यटकलाई आकर्षित गराउन सके मुलुकको अर्थतन्त्रले कायापलट फेर्ने निश्चित छ । पर्यटनले यहाँको भाषा, धर्म, संस्कृति तथा हस्तकला उद्योगको प्रवर्द्धनमा ठूलो भूमिका खेल्दछ । धार्मिक तथा सांस्कृतिक पर्यटकलाई अझ व्यापकता दिन सके आर्थिकमात्र होइन कि भावनात्मक सम्बन्ध सुधारमासमेत योगदान पुऱ्याउन सहज हुने देखिन्छ । यसका साथै काठमाडौं उपत्यकाका सम्पदाहरू, भगवान् बुद्धको जन्मस्थल लुम्बिनी, कपिलवस्तु, जनक जानकीको आदर्शनगर जनकपुर, चितवन, बर्दिया, कोशी राष्ट्रिय निकुञ्ज, विश्वको सर्वोच्च शिखर सगरमाथा चुम्न र अवलोकन गर्न आउने विदेशी पर्यटकलाई स्वदेशी उत्पादित खाद्य परिकार खुवाउने र एउटा शान्तिदूत वा कुनै विभूषणबाट सम्मान गर्न सके राम्रो सन्देश जाने देखिन्छ ।

खुला सिमानाका कारण अवैध धन्दाको विगविगी छ । त्यसैले खुला सिमानामा प्रतिबन्ध लगाई देशलाई आवश्यक सामग्री स्वदेशभित्रै उत्पादनमा लाग्नुपर्ने आजको आवश्यकता हो । दीर्घकालीन राष्ट्रिय नीति नहुँदा देशभित्र उत्पादितभन्दा आयातीत वस्तुको प्रयोग अत्यधिक रहेको अवस्था छ । जसले देशको व्यापार घाटा भयावह बनाएको प्रस्ट छ ।

एकातिर देशभित्र रोजगार नपाएर बर्सेनि लाखौं युवा विदेश जानुपर्ने बाध्यता छ भने अर्कोतर्फ विदेशबाट कमाएर पठाएको रेमिटयान्सले विदेशमा उत्पादित अन्न तथा खाद्यसामग्री किनेर खानु, लाउनुपर्ने बाध्यता छ । वर्तमान सरकारले यसलाई व्यवस्थापन गर्ने कार्ययोजना ल्याएर प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्छ । अहिले 'देशमा केही छैन, केही हुँदैन, खत्तमै छ' भन्ने जुन भाष्य निर्माण भएको छ, यसलाई चिर्नेगरी सरकारले काम गर्नुपर्छ । अन्यथा देशको अवस्था झन् विकराल बन्दै जाने निश्चित छ ।

## श्रम सरोकार

# विदेशमा रहँदा भुल्नै नहुने पाँच कुरा

### १) कसैको प्रलोभनमा नफसौं

धेरै तलब दिने वा अन्य राम्रो काम सुविधा दिने प्रलोभनमा दलालहरूले गन्तव्य मुलुकका कम्पनी वा वासस्थानमासमेत पुगेर फकाउन सक्छन् । आधिकारिक भिसा रहेको ठाउँभन्दा अन्यत्र काम गर्नु गैरकानुनी हो । कानुनी हैसियत गुमाएपछि सधैंभरि खतरामा काम गर्नुपर्छ र दलालले गैरकानुनी काममा लगाएर फसाउन पनि सक्छ । फर्किनुअघि जेल, नेल जरिवानासहित देश निकालाको अपमान साथै कुटाइ खानुपर्छ ।

### २) धार्मिक तथा स्थानीय कानुनको पालना गरौं

सम्बन्धित देशमा पुगेर कुनै गल्ती गरेर कानुन थाहा थिएन भनेर उम्किन पाइन्न । स्थानीय धार्मिक, सामाजिक तथा राष्ट्रियताका विषयमा सधैं जानकार र सकारात्मक हुनुपर्छ ।

### ३) आफ्नो सुरक्षामा ध्यान दिऔं

आफ्नो स्वास्थ्य र सुरक्षाको ख्याल आफैंले राख्नुपर्छ । काम गर्दाको बखत, बाटो हिँड्दा, पौडी वा अन्य यस्तै कामको जोखिमबारे सधैं सचेत रहनुपर्छ । कतिपय मुलुकहरूमा जेब्रा क्रसिङभन्दा अन्यत्रबाट बाटो काट्दा पैदलयात्रीले समेत जरिवाना तिर्नुपर्ने हुसक्छ । याद गरौं- कारखानामा काम गर्दा त्यहाँ प्रयोग हुने मेसिनको सोच्ने शक्ति हुँदैन, तपाईंको आफ्नै दिमागले सोचेर होसियारी अपनाउनुपर्छ ।

### ४) काममा लगनशील बनौं

आफ्नो सुपरभाइजरका कुरालाई अवलम्बन गर्नैपर्छ । उसको कुरालाई बेवास्ता गरेमा माथिल्लो निकायमा सामान्यतयाः कुनै सुनुवाइ गर्दैन । अति नै भएमा मात्र दूतावास, वैदेशिक रोजगार विभाग वा अन्य सहयोगी संस्थाबाट सहयोग लिने बानी गर्नुपर्छ । याद गरौं- रोजगारदाताले तपाईंलाई श्रमको मूल्य तिरेको हुन्छ ।

### ५) आवश्यक सम्पर्क नम्बर सुरक्षित राखौं

दूतावास, त्यहाँस्थित विभिन्न सामाजिक संस्था, नेपालस्थित रोजगार तथा सरकारी निकाय र आफू गएको वैदेशिक रोजगार संस्था तथा सहयोगी संस्थाका सम्पर्क टेलिफोन तथा ठेगाना सधैंभरि साथमा राख्नुपर्छ । स्थानीय कानुन तथा अन्य विषयमा जानकार व्यक्तिहरूसँग निकट रहनुपर्छ । यसो गर्दा आकस्मिकरूपमा आउने समस्याहरू समाधानमा सहजता हुने छ ।

## पाठक मञ्च

# निजी विद्यालय मालामाल, सरकारीको झनै बेहाल !

गत चैत २० गतेदेखि देशभरका शिक्षकले राजधानी केन्द्रित आन्दोलन गरे । सो आन्दोलन २९ दिनसम्म चल्यो । शिक्षक आन्दोलनका कारण विद्यार्थी भर्ना अभियान प्रभावित बने । नयाँ भर्ना खोलेर धमाधम विद्यार्थी भर्ना गरेर सामुदायिक विद्यालयको शैक्षिक स्तर उकास्नुको साटो शिक्षकहरू आफ्नो व्यक्तिगत स्वार्थ पूरा गर्न माग गर्दै सडकमा आए । जनताले तिरेको करबाट तलब खाएका, पोसाक लगाएका शिक्षकहरूले माइतीघरदेखि नयाँ बानेश्वरसम्म रमिता देखाए । उनीहरूले आफ्नो कर्तव्यकोसमेत ख्याल गरेनन् । हुन त राजनीतिक पार्टीको झोला बोकेर सडकमा आएका उनीहरूलाई विद्यार्थीको भविष्यको के मतलब ?

पहिलेपहिले बूढापाकाले भन्थे, 'एउटा नबिग्रिकन अर्को सप्रिदैन ।' शिक्षकको हड्तालका कारण देशभरका सामुदायिक विद्यालय ठप्प बन्यो । स्कुल खोल्ने कुनै सुरसार नदेखिएपछि विद्यार्थीहरू निजी विद्यालयमा गए । आफ्नो सन्तान सरकारीमा हाल्छु भनेर पर्खेर बसेका अभिभावकहरूले पनि बाध्य भएर निजीमै भर्ना गरे ।

शिक्षकहरूले स्कुल नै फर्किनुपर्दैन जस्तोगरी आन्दोलन गरे । तर, सरकारसँग नौ बुँदे सहमति गरेपछि उनीहरू विद्यालय फर्किए । विद्यालय फर्किएर पनि कसलाई पढाउने ? डेक्स-बेञ्चलाई ? विद्यार्थीजति निजीतिर लागिहाले । विद्यार्थी भर्ना गर्ने बेलैमा आन्दोलन गर्नुको पछाडि शिक्षकहरूको खराब नियत देखिएको छ ।

शिक्षकहरूले कहिल्यै पनि विद्यार्थीको भविष्यबारे सोचेनन् । उनीहरू सरकारी विद्यालयका विद्यार्थी भए पनि छोराछोरी निजीमा पढाउँछन् । किनकि उनीहरूलाई आफैंमाथि विश्वास छैन । अर्काका छोराछोरी त पास हुन् कि फेल, उनीहरूलाई के मतलब । शिक्षकहरूले आफ्नो स्वार्थ हेरे तर विद्यार्थीको भविष्य हेरेनन् । केही समयअगाडि प्रधानमन्त्री केपी शर्मा ओलीले भनेका थिए, 'असारमा धान रोप्यो भनेमात्र मंसिरमा फल्छ ।' उनले भनाइको तात्पर्य जुन कुरा पनि समय हेरेर गर्नुपर्छ भन्ने हो । यद्यपि, शिक्षकहरूले त्यो हेरेनन् । जतिबेला विद्यार्थी भर्ना गर्नुपर्ने थियो, त्यतिबेला सडकमा आए ।

अहिले सरकारी विद्यालय खाली भए, निजी मालामाल । शिक्षक आन्दोलन निजी विद्यालयका लागि कमाउने अवसर बन्यो । सरकारी विद्यालयका शिक्षकलाई त के छ- नपढाए पनि तलब आइहाल्छ । स्कुलमा विद्यार्थी होस् कि नहोस्, सरकारले खुरुखुरु तलब खातामा हाल्दिहाल्छ । विद्यार्थी नहुँदा सरकारी विद्यालयका शिक्षकहरू झनै खुसी हुन्छन् । पढाउनै पर्दैन । विद्यालय आउँछन्, हाजिर गर्छन्, राजनीतिक गफगाफ गर्छन् अनि घरतिर लाग्छन् । सरकारले गफ गरेको तलब शिक्षकहरूलाई खुवाइरहेको छ । शिक्षकहरूले आफ्नो कर्तव्य पूरा नगर्दा अघिल्लो वर्षको कक्षा आठको परीक्षामा धेरै सरकारी विद्यालयको रिजल्ट शून्य आएको थियो ।

शिक्षक पेसा गरिमामय पेशा भए पनि जनताले उनीहरूलाई खासै राम्रो नजरले हेर्दैनन् । कारण फेरि शिक्षकहरू नै हुन् । विद्यालयमा भ्रष्टाचार हुन्छ भन्ने कुरा त हरेक जनतालाई थाहा छ । भवन निर्माणलगायत अन्य शीर्षकमा आएको बजेटमाथि भ्रष्टाचार गरिन्छ । निर्माणका लागि आएको बजेटबाट थोरैको काम गर्ने र धेरै गोजीमा हाल्ने प्रवृत्ति छ ।  अर्कोतर्फ, विद्यार्थीका लागि आएको कापी, कलम, झोलालगायतका आवश्यक सामानहरू पनि हिनामिना हुने गरेको छ । शिक्षकहरूले ती सामान लगेर स्टेसनरीमा बेच्ने अभिभावकहरूको आरोप छ । शिक्षकहरू कस्तो हुनुपर्छ ? सभ्य र भद्र । किनकि उनीहरूकै सिको विद्यार्थीले सिक्छन् ।

आन्दोलनको नाममा नेपाल शिक्षक महासंघले शिक्षक र विद्यालय कर्मचारीहरूसँग आन्दोलनका निम्ति एक हजारदेखि पाँच हजार रूपैयाँसम्म लेबी उठायो । सदस्यता वर्षैपिच्छे नवीकरण गराइन्छ । त्यसबखत पनि पैसा तिर्नुपर्ने हुन्छ । महासंघले देशमा संविधान नै छैन, जनताको छोराछोरी पढाउनै पर्दैन, जनताले हामीलाई केही गर्नै सक्दैनन् जस्तो सोच्यो । महासंघले बोलाउँदैमा शिक्षकहरू सडकमा आए । उनीहरूले आफूले के भनेर जागिर खाएको थिए भन्ने नै बिर्सिए । विद्यार्थीको भविष्यसँग जोडिएको विद्यालयमा हड्ताल गर्न पाइँदैन ।

तर, शिक्षकहरूले ऐनकानुनलाई वास्तै गरेनन् । शिक्षकहरूको कारण विद्यार्थी र अभिभावक त मर्कामा परे नै, सर्वसाधारणले पनि दुःख पाए । रत्नपार्क जानुपर्नेहरू कोटेश्वरबाट हिँड्नुपर्ने बाध्यता थियो । अर्कोतिर, कोटेश्वर आउनेहरू रत्नपार्कबाट हिँड्थे । आफ्नो फाइदाका लागि जनतालाई दुःख दिनुहुँदैन् भन्ने शिक्षकले सोचेनन् । उनीहरूले नुनको सोझासमेत गरेनन् । जनताले तिरेको करबाट तलब खाएका उनीहरूले जनतालाई नै दुःख दिए । आफ्नो माग पूरा गर्ने नाममा जनतालाई दुःख दिनुहुँदैन भन्नेसम्म थाहा नभएका शिक्षकहरूले अरुले के ज्ञान दिनु ? सडक ढाकेर नाच्थे, गीत गाउँथे, मादल बजाउँथे । शिक्षक महासंघ जिन्दावाद भन्दै नाराबाजी गरिन्थ्यो ।

अन्तिममा 'डिच्च' परेर शिक्षकहरू विद्यालय फर्किनुपऱ्यो । घण्टौं हिँड्न बाध्य बनाइएका जनताले तिरेकै करबाट तलब खानुपऱ्यो । अभिभावक धन्न चुप लागे । उनीहरूको क्रियाकलाप विद्यालयबाटै लखेट्नुपर्ने खालको छ । शिक्षकहरू सेवासुविधा खोज्छन् । उनीहरूलाई बढीबढी सेवासुविधा चाहिएको छ । तर, उनीहरूले नपढाउँदा विद्यार्थीहरू धमाधम फेल भइरहेका छन् । त्यसको जवाफदेही कसले लिने ? शिक्षकहरूले जनताको छोराछोरीको भविष्य उज्यालोतर्फ होइन्, अन्धकारतर्फ धकेलिरहेका छन् । सरकारी विद्यालयको गुणस्तर बर्सेनि खस्किँदै गर्दा शिक्षकहरूले त्यसको जिम्मा लिनुपर्ने होइन ?

*– अनुसा थापा*
*भक्तपुर*



**लोमान्थाङमा तिजी पर्वको रौनक**
उपल्लो मुस्ताङको लोमान्थाङमा १५औं शताब्दीदेखि मनाउँदै आएको ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक पर्व 'तिजी' को रौनक । बज्रकिलया र महाकाल देवताको मुकुण्डो लगाएर लोमान्थाङस्थित छोदे गुम्बाका लामाहरूले नृत्य प्रस्तुत गर्छन् । यो पर्व तीनदिनसम्म चल्ने छ । *तस्बिरः सुन्दरकुमार थकाली/रासस*

# बन्द हुने अवस्थामा पुगेको बालमन्दिर माविको फड्को

**म्याग्दी–** म्याग्दीको बेनी नगरपालिका-८ कालीपुलस्थित बालमन्दिर माध्यमिक विद्यालयले पछिल्लो १० वर्षको अवधिमा भौतिक र शैक्षिक हिसाबले फड्को मारेको छ । दशकअघि विद्यार्थी नपाएर बन्द हुने अवस्थामा पुगेको यो सामुदायिक विद्यालयमा हाल निजी विद्यालय छोडेर पढ्न आउन थालेका छन् ।

अंग्रेजी माध्यमबाट पठनपाठन, अभिभावक र समुदायको सुझावअनुसार तयार पारेको कार्ययोजना कार्यान्वयन, विद्यार्थीमैत्री शिक्षण विधिको प्रयोग, तह वृद्धि, विपन्न विद्यार्थीलाई छात्रवृत्ति तथा शैक्षिक सामग्री सहयोग, व्यवस्थित पूर्वाधार र स्रोत साधनको उच्चतम परिचालन गरेपछि विद्यार्थीको आकर्षण बढेको प्रअ सुरेन्द्रप्रसाद केसीले बताए ।

'वि.सं. २०७१ मा कक्षा पाँच उत्तीर्ण भएका १२ जना विद्यार्थी बाहिरिने र नयाँ नथपिने भएपछि विद्यालय बन्द गर्ने बहस चलेको थियो,' उनले भने, 'शैक्षिक, भौतिक र आर्थिक कार्ययोजना बनाएर कार्यान्वयन गरेपछि त्यसयताका वर्ष विद्यार्थी संख्या निरन्तर बढेको छ ।'

वि.सं. २०७२ को शैक्षिक सत्रमा सेवा क्षेत्रमा बस्तीमा व्यवस्थापन समिति र शिक्षकहरूले घरदैलो गरेर ९३ जना विद्यालय भर्ना गराए । वि.सं. २०७३ मा विद्यार्थी संख्या १३२ पुग्यो । वि.सं. २०७५ मा कक्षा ६, २०७८ मा कक्षा ८ र २०८० मा कक्षा ९ को पठनपाठन सुरु गरेको यस विद्यालयका १० जना विद्यार्थीले २०८१ मा पहिलोपटक माध्यमिक शिक्षा परिक्षा (एसइई)मा सहभागिता जनाएका छन् ।

वि.सं. २०२८ मा हाल म्याग्दी बालगृह रहेको ठाउँमा स्थापना भएको विद्यालय वि.सं. २०५८ मा कालीपुलमा स्थानान्तरण गरिएको थियो । नेपाल बाल संगठनले सञ्चालन गरेको बालगृहमा रहेका अनाथ बालबालिकालाई पठनपाठनको व्यवस्था मिलाउन त्यसबेला यो विद्यालय स्थापना भएको थियो ।



हाल कक्षा १० मा २२ जनासहित २७२ जना विद्यार्थी रहेको यस विद्यालयमा भर्ना अभियान सकिँदासम्म विद्यार्थी संख्या करिब ३५० जना पुग्ने प्रअ खत्रीको अनुमान छ । औसत सिकाइ उपलब्धि ३.९ जिपिए छ । यसपाली बेनीको न्यु वेस्ट पोइन्ट आवासीय माविका एक, पोखराको विन्दबासिनी माविबाट दुई जनासहित छ जना अन्य विद्यालयका विद्यार्थी बालमन्दिरमा भर्ना हुन आएका छन् ।

बाल कक्षापछि एक वर्ष केजी (पूर्वप्राथमिक तह)मा पढाउने र कक्षा १ मा भर्ना गर्ने अभ्यास थालेको यस विद्यालयले अंग्रेजी माध्यमबाट पठनपाठन सञ्चालन, विभाग बनाएर शिक्षकहरूलाई जिम्मेवारी बाँडफाँट, अतिरिक्त क्रियाकलाप, खेलकुद गतिविधि सञ्चालन, कक्षाकोठाबाट बाहिर निस्किँदा आउटपासको व्यवस्था, कम्प्युटर, विज्ञान प्रयोगशाला र पुस्तकालयको व्यवस्था गरेको छ ।

कक्षाकोठामा शैक्षिक सामग्रीको प्रदर्शनी र प्रयोग गरेर विद्यार्थीको सहभागितामा पठनपाठन गर्ने विधि अपनाएको छ । प्रार्थनाको समयमा विद्यार्थीले सामान्य ज्ञान, समाचार वाचन र कला प्रस्तुत गर्छन् । हरेक तीन/तीन महिनामा सामूहिक र व्यक्तिगतका साथै शिक्षकले अभिभावकलाई फोन गरेर विद्यार्थीको आनीबानीका बारेमा छलफल गर्छन् ।

विभिन्न संघ संस्था र दातासँग समन्वय गरेर विपन्न विद्यार्थीलाई छात्रावृत्ति, पोसाक, शैक्षिक सामग्रीको व्यवस्थापन गरिएको प्रअ खत्रीले बताए । विद्यालयबाट अतिरिक्त क्रियाकलापका प्रतियोगितामा सहभागी हुने विद्यार्थी र शिक्षकलाई हौसला प्रदान गर्न सम्मानका साथै विद्यार्थीको जन्मदिन मनाउने गरेको छ । विद्यालयपरिसरको जग्गामा निर्माण भएको भवन तथा टहराबाट मासिक दुई लाख ३२ हजार रूपैयाँका दरले हुने आम्दानीबाट निजी स्रोतका चार जना शिक्षक र एक जना सुरक्षा गार्डको तलब व्यवस्थापन गरेको विद्यालयले अभिभावकबाट कुनै पनि शीर्षकमा शुल्क लिने नगरेको व्यवस्थापन समितिका अध्यक्ष सुरेन्द्रराज शर्माले बताए ।

पछिल्लो १० वर्षमा दुई करोड ५० लाख रूपैयाँभन्दा बढीको लागतमा चारवटा भवन, कम्प्युटर, विज्ञान प्रयोगशाला, शौचालय, सभाहल, सटरकोठा भवन, खानेपानी, भुइँमा पेभर ब्लक बिछ्याइएको छ । छात्रावासका लागि पाँच कोठे भवन निर्माणाधीन छ । यस वर्षदेखि विद्यालयमै खाजा पसल सञ्चालन भएको छ । विद्यालय परिसरको खाल्डो र खेलमैदानमा जमेको पानीमा ढुंगा राखेर कक्षाकोठामा छिर्नुपर्ने अवस्थाको विद्यालय अहिले पूर्वाधारका हिसाबले व्यवस्थित र सुविधासम्पन्न बनेको छ ।

नब्बे प्रतिशत विद्यार्थी दलित समुदायका रहेका सहायक प्रअ गीता सुवेदीले बताइन् । विपन्न विद्यार्थीको पठनपाठनमा सघाउन पाँच लाख रूपैयाँको अक्षयकोष स्थापना गर्ने लक्ष्यसहित अभियान सञ्चालन गरेको छ । पूर्वविद्यार्थी, दाता र सामाजिक संघ संस्था खोजेर विद्यार्थीलाई शैक्षिक सामग्री, पोसाकको व्यवस्था मिलाइएको छ ।

खेलमैदानको अभाव र छात्रावास सञ्चालनका लागि पर्याप्त भवन नहुनु, शैक्षिक सत्रको अन्तिमसम्म पनि भर्ना हुन आउने र केही विद्यार्थीले बीचमा विद्यालय परिवर्तन गर्ने समस्या रहेको छ । रोजगारीको सिलसिलामा बेनीमा आएका अभिभावकहरू कामको खोजीमा अन्यत्र जाँदा बालबालिकाले शैक्षिक सत्रको बीचमा विद्यालय परिवर्तन गर्ने समस्या देखिएको हो । बेनी नगरपालिकाका प्रमुख सुरत केसीले बालमन्दिर माविमा तह थप गर्न विद्यार्थी संख्या कम भएका अन्य विद्यालयबाट आधार भूत तहको दरबन्दी भए पनि माध्यमिक तहसम्म पठनपाठन गर्नसक्ने विषयगत शिक्षकको व्यवस्था मिलाएको बताए ।

बेनीमा रहेको बेनी सामुदायिक र प्रकाश माविमा बढ्दो विद्यार्थीको चाप व्यवस्थापन गर्न बालमन्दिर माविलाई तहवृद्धि गरी शैक्षिक र भौतिक क्रियाकलापमा नगरपालिकाले सहयोग गर्दै आएको नगरप्रमुख केसीले बताए । सामुदायिक विद्यालयका लागि बालमन्दिर माविको सुधार र परिवर्तन उदाहरणीय बनेको उनको भनाइ छ । *रासस*

# बैतडीमा १३३ जनाको नि:शुल्क आँखा शल्यक्रिया

**बैतडी (प्रस)–** जिल्लाको पञ्चेश्वर गाउँपालिकामा सञ्चालन भएको नि:शुल्क आँखा शल्यक्रिया शिविरमा १३३ जनाको आँखाको शल्यक्रिया गरिएको छ ।

बिहीबार र शुक्रबार कुलाउ स्वास्थ्यचौकीमा सञ्चालन भएको आँखा शिविरमा मोतियाबिन्दु र आँखामा मासु पलाएका १३३ जनाको शल्यक्रिया गरिएको गाउँपालिकाको स्वास्थ्य शाखामा कार्यरत नारायणराम सार्कीले जानकारी दिए । यसअघि जेठ ६ गते गाउँपालिका-५ को गणमेश्वर आधारभूत विद्यालयमा सञ्चालन गरिएको छनोट शिविरमा ३१ जनामा मोतियाबिन्दुको समस्या देखिएकोमा उनीहरूको कुलाउमै शल्यक्रिया गरिएको उनले बताए । शिविरमा ६६२ जनाको आँखाको जाँच गरेर औषधि तथा २६५ जनालाई नि:शुल्क चश्मा वितरण गरिएको सार्कीले जानकारी दिए ।

नागरिकलाई आफ्नै ठाउँमा सेवा दिने उद्देश्यले विभिन्न निकायसँगको साझेदारीमा शिविर सञ्चालन गरिएको गाउँपालिका अध्यक्ष गोरखबहादुर चन्दले बताए । स्थानीयस्तरमै शिविर सञ्चालन हुँदा अधिकांश ज्येष्ठ नागरिकले सेवा लिएका गाउँपालिकी उपाध्यक्ष विना भट्टले बताइन् ।



गाउँमै गुमेको आँखाको ज्योति फर्किएपछि स्थानीय खुसी भएका छन् । 'आँखाको ज्योति गुमेपछि घरमै थन्किएकी थिएँ । शिविरमार्फत गाउँघरमै गुमेको ज्योति फर्किएपछि निकै खुसी लागेको छ,' स्थानीय जयमति चन्दले भनिन् ।

पञ्चेश्वर गाउँपालिकाको आयोजना, च्यारिटी हेल्थ फाउण्डेसन नेपालको आर्थिक सहयोग, धनगढी नेत्रालय र श्रीकृष्ण आँखा अस्पताल प्रालि टीकापुरको प्राविधिक सहयोगमा शिविर सञ्चालन गरिएको थियो ।

# गाउँमै विशेषज्ञ चिकित्सकसहित स्वास्थ्य शिविर

**बलेवा (बागलुङ)–** यहाँको बरेङगाउँपालिका-३ बाटाकाचौरकी ८२ वर्षीया भागीरथी लुहारले बिहीबार गाउँमै विशेषज्ञ चिकित्सक भेटिन् । पेट दुख्ने समस्या लिएर स्वास्थ्यचौकी पुगेकी उनलाई चिकित्सकले आवश्यक जाँचपछि औषधि दिए । परिवारको सहारामा स्वास्थ्य चौकी पुगेकी लुहार खुसी भएर घर फर्किइन् ।

सोही ठाउँकै ७० वर्षीया विष्णु थापा पनि बिहीबार बिहानैदेखि बाटाकाचौर स्वास्थ्यचौकीको प्रांगणमा लाममा बसेर कन्सल्टेन्ट फिजिसियन डा. सन्दिप सापकोटासँग स्वास्थ्य जाँच गराइन् । डाक्टरले औषधि लेखिदिएपछि औषधि वितरण कक्षबाट औषधि लिएर खुसी हुँदै घर फर्किइन् ।

स्वास्थ्यचौकीमा आयोजित स्वास्थ्य शिविरमा चिकित्सकहरू हेमन्त बाँस्तोला, सन्दिप सापकोटा, सन्दिप केसी, आशिष सापकोटालगायतले बिरामीको जाँच गरेका थिए । सन्तोष सुवेदीको नेतृत्वमा औषधि वितरण र आशिष शाक्यको नेतृत्वमा प्रयोगशाला सेवा सञ्चालन गरिएको थियो । शिविरमा बिरामीको भीड थियो ।

धौलागिरि प्रादेशिक अस्पताल बागलुङ र प्रादेशिक अस्पताल पर्वतका चिकित्सकहरूको विशेष उपस्थितिमा स्वास्थ्य चौकीमा विशेषज्ञ सेवा उपलब्ध शिविर बरेङ गाउँपालिकाले सञ्चालन गरेको हो । गण्डकी प्रदेश सरकारको स्वास्थ्य मन्त्रालयको समन्वय, दुवै अस्पतालको प्राविधिक सहयोग र गाउँपालिका तथा वडा कार्यालयको आयोजनामा सम्पन्न शिविरबाट ४०० भन्दा बढी बिरामीले सेवा लिएका छन् ।

शिविरमा आउने अधिकांश बिरामी सुगर, प्रेसरलगायत समस्या लिएर आएको डा. हेमन्त बाँस्तोलाले बताए । शिविरमा हाडजोर्नी तथा नशा, सामान्य चिकित्सा, बालरोग, महिला तथा प्रसूतिरोग, भिडियो एक्सरे, प्रयोगशाला र नि:शुल्क औषधि वितरण गरिएको थियो । शिविरमा सहभागी अधिकांश ज्येष्ठ नागरिक, महिला तथा बालबालिका थिए । *रासस*


**हल्दीबारी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**जलथल, झापा**
**कोशी प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मितिः २०८२/०२/११**

यस गाउँपालिका अन्तरगत तपसिल निर्माण कार्यका लागि मिति २०८१/१२/१९ मा प्रकाशित बोलपत्रर ठेक्का आव्हानको सूचना अनुसार तपसिल बमोजिमको शिलबन्दी बोलपत्र न्यनतम मूल्यांकित सारभूत रूपमा प्रभावग्राही ठहर भइ स्वीकृत गरिने भएकाले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) र (३) तथा दफा ४७ को प्रयोजनार्थ सम्बन्धीत सबै सरोकारवालाहरूको जानकारीका लागि यो ७ दिने सूचना प्रकाशित गरिएको छ ।

| क्र.सं. | ठेक्का नं | योजनाको नाम | स्वीकृतिको लागि छनौट भएको बोलपत्र दाताको विवरण | घटी कबोल गरेको रकम रु (मु. अ कर समेत) |
|---|---|---|---|---|
| 1 | HRM/GOODS/IRRIGATION/NCB/20-081/082 | Procurement & supply of (59 set) shallow tubewell boring accesories at Haldibari rural municipality | satyam constructions, Birgunj-1, Parsa | 28,23,474.5 |

**प्रमुख प्रशासकिय अधिकृत**



**साउदीमा रोजगार** कम्पनी : Support and Solutions for logistics Holding Company
पूर्व स्वीकृति मिति : २०८२/०२/०७ LT. No. 324275 चलानी नं. ६०२३८२१०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Drivers | 3 | 0 | 1800 | ६५,९०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ जेठ १८ गते (1st Jun. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

ROVE INTERNATIONAL PVT.LTD.
Ratopool, Opposite to MR Complex, Kathmandu, Nepal
T: +977-01-4486922 | E:- rove35@yahoo.com I w:-www.roveintl.com
Govt.Lic.No 1033/071/072

**कुवेतमा रोजगार** कम्पनी : ROSH CANTINA COMPANY शहर : Kuwait
पूर्व स्वीकृत मिति: २०८२/०२/०५ चलानी नं.: ६०२३८३२३ LT. No.: 324390

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Waiter | 8 | 0 | सम्बन्धित काममा दक्ष | 120 | ५३,३०२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Waitress | 0 | 15 | | 120 | ५३,३०२ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ जेठ १८ गते (1 June 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि: शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला । २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

MAHA INTERNATIONAL HR SOLUTION PVT. LTD.
Gov. Lic No. 1746 /081/82
Airport Kalimatidol, Kathmandu | Tel: +977 01 5923308
Mob.: 9813768590,9802390077 | Email: mahainfo59@gmail.com

**साउदीमा रोजगार** कम्पनी : Fatima Hadi bin Mohammed Al Mansour Contracting Establishment
पूर्व स्वीकृति मिति : २०८२/०२/०९ LT. No. 324402 चलानी नं. ६०२३८३१८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Load & Unloading Workers | 1 | 0 | 1000 | ३६,६१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ जेठ १८ गते (1st June 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Emerald Isle Nepal Pvt. Ltd. (GULMI OVERSEAS PVT LTD)
Purano Baneshwor-10, Kathmandu, Nepal. Tel- +977-014588542/4589323,
Email:- emeraldislenepal@gmail.com, info@einepal.com
श्रम ईजाजत नं. ११०८/०७३/०७४

**कुवेतमा रोजगार** कम्पनी : PRAX COMPANY FOR DELIVERING CONSUMER ORDERS
पूर्व स्वीकृति मिति : २०८१/०८/१९ पुन विज्ञापन स्वीकृति मिति : २०८२/०२/१० LT. No. 314934 चलानी नं. ६०२२९२९१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Car Driver | 25 | 0 | 140 | ६२,१८६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | DRIVER LIGHT EQUIPMENT | 5 | 0 | 140 | ६२,१८६ | | | | | | | |
| 3 | Light Driver | 15 | 0 | 140 | ६२,१८६ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: बुटवल रुपन्देही डोल्से रेस्ट्रो र एम्प. लाउन्ज प्रा.लि. मा मिति: २०८२ जेठ १८ गते (1st June 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

FRONTLINE RECRUITMENT PVT.LTD.
Sinamangal-9, Kathmandu, Nepal, Telephone: 01-4593645, 4593646, 4593647, Mob: 9851100134, 9818819581, 9804705263, Email: info@manpoweragencynepal.com
Govt. License 886/067/068

प्रभाव दैनिक

## रूपशाला

### सुनिताको गीत 'जाली रूमाल' सार्वजनिक

गायिका सुनिता ठगिमको स्वर रहेको गीत 'जाली रूमाल' सार्वजनिक गरिएको छ । श्रीमान् बिदेसिएपछि श्रीमतीको मनमा उब्जने पीडा रूपी भावनाहरू गीतको शब्दमा समेटिएका छन् । गीतमा शब्द तथा संगीत निलम रोजु राईको छ । गीतको एरेन्ज मनोज थापाले गरेका हुन् । गीतको आकर्षक भिडियो पनि बनेको छ । जसमा उत्तम राई, अनुषा राई, अवि राई र सोवा तामाङ्को अभिनय छ । गीतको भिडियोले श्रीमान् रोजगारीको लागि घरबाट टाढा रहँदा श्रीमतीमा कस्तो पीडा हुन्छ भनेर देखाइएको छ ।



आइतबार, ११ जेठ, २०८२ (Sunday, May 25, 2025)

# बाल चलचित्र महोत्सव सकियो

■ प्रभाव संवाददाता



**इलाम–** चलचित्र विकास बोर्डको आयोजनामा इलाम नगरपालिका सहकार्य तथा कोशी प्रदेश र नेपाल पर्यटन बोर्डको प्रवर्द्धनमा आयोजित 'बाल चलचित्र महोत्सव, इलाम' जेठ ५ देखि १० गतेसम्म विविध कार्यक्रमसहित भव्य रूपमा सम्पन्न भएको छ ।

सिनेमा, शिक्षा र पर्यटनको त्रिकोणात्मक समन्वयमा केन्द्रित यो महोत्सवले इलामलाई चलचित्र निर्माण र प्रदर्शनको सम्भावनायुक्त केन्द्रका रूपमा स्थापित गर्ने दिशामा महत्वपूर्ण भूमिका खेलेको छ ।

कार्यक्रममा बाल चलचित्र निर्माण प्रशिक्षण कार्यशालामार्फत ३७ जना विद्यार्थीलाई चलचित्र लेखन, निर्देशन र अभिनयको व्यावहारिक प्रशिक्षण दिइयो । बिशिष्ट कलाकार बद्री अधिकारीको निर्देशनमा उनीहरूको लेखन र अभिनयमा तयार लघु चलचित्र 'हजार सपनाहरू' को प्रभावशाली प्रदर्शनले सृजनशीलता र आत्मविश्वासको सन्देश दिएको थियो ।

त्यस्तै सिनेमा साक्षरता अभियान अन्तर्गत घुम्ती सिनेमा इलाम बजार र श्रीअन्तु विद्यालयहरूमा सडकछेउमा प्रदर्शन गरियो, जसमा सर्वसाधारणदेखि विद्यार्थी र अभिभावकले चलचित्र हेर्ने नयाँ अनुभव पाए । इलामकी फुटबलर एन्जिला तुम्बापो को जीवनीमा आधारित चलचित्र 'एन्जिला' निर्माता तथा निर्देशकको उपस्थितिमा ईलाम बजार चोकको एलईडि स्कृनमा प्रदर्शन गरिएको थियो ।

त्यस्तै बाल चलचित्र प्रदर्शनी अन्तर्गत 'शिलावाला', 'घुर्रा', 'द स्कुल वाल' र 'पाउलो' चलचित्रहरू गौतम बुद्ध हलमा प्रस्तुत गरिएको थिए ।

त्यस्तै सेलिब्रेटीसँग बालबालिका अन्तर्गत बसुन्धरा भुसाल, गौरी मल्ल, मोहन निरौला, मिलन चामलसमेत, प्रेम कुमार श्रेष्ठ, श्रीदेव भट्टराई, बालकृष्ण निरौला, दिनेश डिसी, जनकदिप पराजुली, पुनम क्षेत्री लगायतले बालबालिकासँग खुला संवाद गरेका थिए ।

शुक्रवार सम्पन्न समापन समारोह इलाम नगरपालिकाको सभाहलमा भव्य रूपमा सम्पन्न भयो । कार्यक्रममा उपस्थित इलाम नगरपालिकाका मेयर केदार थापा, उप-मेयर विष्णु कुमारी लिम्बु, वडाध्यक्षहरू, विभिन्न विद्यालयका शिक्षक-विद्यार्थी, अभिभावक तथा बिशिष्ट कलाकार र चलचित्रकर्मीहरू बसुन्धरा भुसाल, गौरी मल्ल, मोहन निरौला, राधेश्याम लेकाली, सन्तोष लोहनी, जनकदिप पराजुली, पुनम क्षेत्री, श्रीदेव भट्टराई आदिको उल्लेखनीय सहभागिता रहेको थियो ।

इलाम नगरपालिका परिसरमा प्रदेश सरकारको सहयोगमा निर्माणाधीन दुई चलचित्र घरको प्रवर्द्धनमा समेत यस कार्यक्रमले महत्वपूर्ण भुमिका खेल्ने विश्वास गरिएको छ ।

समापन समारोहमा बोल्दै मेयर थापाले भने, 'इलामको सांस्कृतिक र प्राकृतिक सुन्दरतालाई चलचित्रमार्फत देशविदेशमा चिनाउन यस्ता महोत्सव प्रभावकारी छन् । यहाँ छायांकन गर्न चाहने फिल्मकर्मीलाई नगरपालिकाले पूर्ण सहजीकरण गर्छ ।'

उक्त अवसरमा चलचित्र विकास बोर्डका अध्यक्ष दिनेश डिसीले भने, 'सिनेमाले सिर्जना मात्रै होइन, शिक्षा र पर्यटनलाई पनि समेट्न सक्छ भन्ने उदाहरण इलामको महोत्सवले प्रस्तुत गर्‍यो । यो महोत्सव कोशी प्रदेश भ्रमण वर्ष २०८२ को प्रचार-प्रसारमा पनि सहयोगी हुने विश्वास लिएका छौं ।'

पर्यटन प्रवर्द्धनमा सेलीब्रेटीहरूले 'चलचित्र छायांकनको लागि ईलाम' लेखिएको टिसर्ट लगाएर ईलामको भ्रमण गरे, जसले छायांकनको लागि इलाम उपयुक्त गन्तव्य भएको सन्देश प्रवाह गर्‍यो । चलचित्र विकास बोर्डको नेतृत्वमा सम्पन्न यो महोत्सवले बालबालिकाको सृजनात्मक क्षमता विकास, स्थानीय स्तरमा सिनेमा चेतना अभिवृद्धि, र इलामको पर्यटन प्रवर्द्धन मा महत्वपूर्ण योगदान पुर्‍याएको कार्यक्रम संयोजक तथा चलचित्र विकास बोर्ड सदस्य एवं प्रवक्ता सन्तोष बाबु लोहनीले वताए ।

# लक्ष्मी र प्रतापको 'नौली हदेली' सार्वजनिक



■ प्रभाव संवाददाता

**काठमाडौं–** देउडा फ्युजनकी रानी भनेर परिचित सुदुरपश्चिकी गायिका लक्ष्मी आचार्यले नयाँ गीत 'नौली हदेली' ल्याएकी छन् । उनको यो यो गीत पनि देउडा फ्युजनमै रहेको छ ।

यसअघि उनले ल्याएको देउडा फ्युजन गीत 'भन साली' दर्शकले अत्याधिक रुचाएका थिए । यसको अलवा उनले ल्याएको 'ओ मेरी भाउजु', 'लाई हेल कालो टिको', 'जोई प्यारी जारीकी', 'रतन चढी इजु' लगायत गीत पनि सुपरहिट भएको थियो ।

टिपिकल गीतबाट राष्ट्रिय परिचय समेत बन्न गाह्रो भएको समयमा अन्तराष्ट्रिय चर्चाका लागि आफुले देउडा फ्युजनमा बनाएको ने गायिका आचार्य बताउँछिन् ।

'हिजोको दिनमा देउडा नसुन्ने पुर्वमा पनि फ्युजनमा कारणले सुन्न थालेका छन्', गायिका आचार्य भन्छिन् 'देउडा गीत, लय सबैमाझ पुर्‍याउने हिसावले फ्युजन थालेकी हुँ ।' विदेशमा समेत चर्चा कमाउन सफल उनी टिपिकल गीतबाट अन्तराष्ट्रिय पहुँच बनाउन कठिन हुने धारणा राख्छिन् ।

विगत १४ बर्षदेखि गायनमा सक्रिय उनले 'नौली हदेली' गीत नेपाल आइडलबाट चिनिएका गायक प्रदाप दाशसँगको सहकार्यमा गाएकी छन् । गायक प्रतापको देउडा गीत यो नै पहिलो हो । देउडा सुदुरपश्चिमको निकै मिठो र राम्रो कल्चर भएको कारण गाउँन पाएकोमा दाश एकदमै खुसी छन् । पहिलो पटक देउडा गाएपनि प्रतापले गीतलाई भने न्याय गरेका छन् ।

'म सुदुरपश्चिममा कार्यक्रम गइरहन्थेँ र देउडा गीत अहिलेसम्म गाएको थिइन', दाशले भने 'यो गीतले मलाई सुदुरपश्चिमसँग झन् नजिक गराएको छ ।'

'नौली हदेली' गीतमा माया प्रेममा रहेका साली भिनाको कथा समेटिएको छ । विवाह गर्छु भनेर बचन दिएर अर्कोसँग सम्बन्ध बनाउने भिनालाई केही बर्षपछि भेट हुँदा साली गर्ने प्रश्न र भिनाले दिने जवाफ गीतमा छ ।

गीतको शब्द तथा संगीत गायिका आचार्यकै हो, भने एरेन्ज देवेश राइले गरेका हुन् । गीतको भिडियोमा अभिषेक खड्का र मिस पविको अभिनय छ । भिडियोको निर्देशन मौसम हिमालीले गरेका हुन् ।

गीत गायिका आचार्यले आफ्नै अफिसियल युट्युब च्यानल लक्ष्मी आचार्यबाट ल्याएकी हुन् ।

## रंगशाला

# प्रथम कञ्चनजंघा क्रिकेट प्रतियोगिता सुरू



**पथरी (प्रस)–** मोरङको पथरी शनिश्चरे-१० स्थित जिरीखिम्ती मैदानमा शनिबारदेखि सुरु भएको प्रथम कञ्चनजंघा क्रिकेट प्रतियोगिताको उद्घाटन खेलमा डाँस-मोरङी क्रिकेट क्लबले जित हासिल गरेको छ । उद्घाटन खेलमा डाँसले स्टन बुलेट क्रिकेट क्लब दुहबीलाई ७ विकेटले पराजित गर्दै प्रतियोगितामा विजयी सुरुवात गरेको हो ।

टस हारेर पहिले ब्याटिङ गरेको स्टन बुलेटले निर्धारित १८ ओभरमा ६ विकेटको क्षतिमा ९४ रनको लक्ष्य प्रस्तुत गर्‍यो। वर्षाले असर गरेपछि खेल २ ओभर घटाइएको थियो । बुलेटका लागि लोकेश पोद्धारले २६, अमृत शर्माले २२ र सूर्य रौनियारले १२ रन बनाए । अन्य खेलाडी भने दोहोरो अंक बनाउन सकेनन् ।

बलिङतर्फ डाँसका मोहम्मद उमर सानीले उत्कृष्ट प्रदर्शन गर्दै ५ विकेट लिए भने रविन मण्डलले १ विकेट हात पारे । जवाफी ब्याटिङमा डाँस-मोरङीले ११ ओभरमै ३ विकेट गुमाउँदै लक्ष्य पूरा गर्‍यो । टोलीका लागि रविन मण्डलले ३१, दिपेश सुवेदीले २६ र उमर सानीले १६ रन बनाए । स्टन बुलेटका लागि लोकेश पोद्धार, मनिष न्यौपाने र सौर्य रौनियारले समान १-१ विकेट लिए । म्यान अफ द म्याच डाँसका उमर सानी घोषित भए ।

प्रतियोगिताको दोस्रो खेलमा बी एन्ड एस क्रिकेट क्लब काँकडभिट्टाले बराहक्षेत्र क्रिकेट क्लबलाई ९ रनले पराजित गर्दै जित हात पारेको छ । टस जितेर पहिले ब्याटिङ गरेको काँकडभिट्टाले १४ ओभरमा १०७ रन बनाउँदै अलआउट भयो । समीर श्रेष्ठले ३२, आयुष न्यौपानेले २६ र देवेन्द्र महतले १७ रन बनाए ।

बराहक्षेत्रका लागि निक्कु मण्डलले ३ विकेट, अनिश श्रेष्ठ र आयुष राईले समान २-२ विकेट तथा अजय पौद्धार र उमेश चौधरीले समान १-१ विकेट लिए । १०८ रनको लक्ष्य पछ्याएको बराहक्षेत्रले निर्धारित २० ओभरमा ९६ रन मात्र बनाउन सक्यो। टोलीका लागि उमेश चौधरीले २२, आयुष राईले १८ र निक्कु मण्डलले १६ रन बनाए ।

काँकडभिट्टाका लागि प्रेम सिंहले ३ विकेट, शिव राजवंशीले २ विकेट तथा आशिक रानामगर, आयुष न्यौपाने र प्रवेश कामतीले समान १-१ विकेट लिए । म्यान अफ द म्याच आयुष न्यौपाने घोषित भए । त्यसअघि पथरीशनिश्चरे नगर उपप्रमुख देवीमाया काफ्लेले उद्घाटन गरेकी थिइन् । कन्चनजंघा दैवी प्रकोप व्यवस्थापन समितिको आयोजनामा सुरू भएको प्रतियोगितामा झापा, मोरङ र सुनसरीका १६ क्रिकेट क्लबको सहभागिता रहेको छ ।

# बजेट अभावले खेलमैदान निर्माण अलपत्र

■ प्रभाव संवाददाता



**दोधारा चाँदनी (कञ्चनपुर)–** सरकारले क्रिकेट स्टेडियम निमार्णका लागि पर्याप्त बजेट विनियोजन नगर्दा महेन्द्रनगरमा क्रिकेट खेलमैदान निर्माण अलपत्र परेको छ ।

विसं २०७४ सालमा महेन्द्रनगरस्थित कर्वडहलमा अन्तराष्ट्रियस्तरको क्रिकेट खेलमैदान निमार्णका लागि 'डिपीआर' तयार गरेर निमार्णको थालनी गरिएको थियो । आर्थिक वर्ष २०७६/७७ मा राष्ट्रिय खेलकुद परिषद्ले एक करोड पचाँस लाख रकम बिनियोजन गरी सुदूरपश्चिम क्षेत्रीय खेलकुद विकास समिति धनगढीमार्फत ठेक्का आह्वान गरेर क्रिकेट मैदान निर्माण थालेपनि बजेट अभावका कारणले निर्माण अघि बढ्न सकेन । कवर्डहलमा माष्टर प्लानभन्दा बाहिर गएर धेरै संरचना बनेका कारण क्रिकेट मैदान बनाउन विनियोजित रु एक करोडभन्दा बढि बजेट माटो भरानमै सकिएपछि अरु काम अघि बढ्न सकेन ।

क्रिकेट मैदान निर्माणस्थलमै जिल्ला खेलकुद विकास समितिले माछा पोखरी निर्माणका लागि जग्गा ठेक्कामा दिदा अहिले क्रिकेटमा आएको रकम पोखरी पुर्नमा समेत खर्च भएको देखिन्छ ।

जिल्ला क्रिकेट सङ्घ कञ्चनपुरका अध्यक्ष वीरेन्द्रबहादुर चन्दले खेल मैदान नहुँदा प्रतियोगिता गराउन निकै समस्या खेप्नु परेको गुनासो गरे । 'हामीले कुनै प्रतियोगिता सञ्चालन गर्नुपर्‍यो भने हामीसँग खेल मैदान छैन ।' उनले भने, 'कर्वड हलमा एउटा खेल मैदान छ त्यसैमा क्रिकेट, फुटबल सबै खेल खेल्नुपरेको छ ।'

उनले सरकारको प्राथमिकतामा नपर्दा क्रिकेट स्टेडियमका लागि बजेट विनियोजन हुन नसकेको बताए । 'कर्वडहलमा अन्तरराष्ट्रिय स्टेडियमका लागि डीपीआर तयार भएको पनि आठ वर्ष भइसक्यो स्टेडियमको काम प्रारम्भ हुन सकेको छैन ।' चन्दले भने, 'नेपालको हरेक समूहका राष्ट्रिय क्रिकेट टिममा कञ्चनपुरका खेलाडी छन् तयर यहाँ खेल मैदान बन्न सकेको छैन ।' उनका अनुसार राष्ट्रिय खेलकुद परिषद्बाट डेढ करोड बजेट आएपनि उक्त रकम माटो भरानमै सकिएको छ । क्रिकेट स्टेडियम निर्माणका लागि कर्वडहल क्षेत्रमा साढे चार कट्टा जग्गा छुट्याइएको छ ।

विभिन्न खेलमार्फत अन्तरराष्ट्रियस्तरमा मुलुकको नाम चिनाउन सफल यहाँका खेलाडीले न्यूनतम पूर्वाधारको सुविधा पनि पाउन नसकेको यहाँका सरोकारवाला गुनासो गर्छन् । जिल्ला खेलकुद विकास समितिका उपाध्यक्ष कैलाश गिरीले क्रिकेटको उर्बर भूमि भएपनि यहाँ प्रतियोगिता सञ्चालनका लागि क्रिकेट स्टेडियम बन्न नसकेको बताए । 'राज्यको प्राथमिकतामा पर्न नसक्दा अहिलेसम्म क्रिकेट खेलमैदान बन्न सकेको छैन ।' उनले भने, 'पर्याप्त बजेको अभाव र खेलाडीहरू सुविधा छैन भएको बजेटको पनि सदुपयोग हुन सकेको छैन ।' उनले सरकारले प्राथमिताका साथ खेल पूर्वाधार निमार्णमा जोड दिनुपर्ने बताए ।

क्रिकेटको इतिहास नियाल्ने हो भने, विगतदेखि अहिलेसम्म क्रिकेटका चर्चित खेलाडी उत्पादनको हब कञ्चनपुर जिल्ला हो । अहिले पनि कञ्चनपुरका मात्रै चार जना क्रिकेट खेलाडी नेपालको राष्ट्रिय क्रिकेट टोलीमा छन् । विश्वकीर्तिमान बनाउने दीपेन्द्रसिंह ऐरी देखी नेपाली क्रिकेटका परिचित नाम विनोद भण्डारी, प्रदीप ऐरी, भीम सार्कीको गृह जिल्ला कञ्चनपुरमा क्रिकेटको क्रेज ग्रामीणस्तरसम्म रहे पनि यहाँ खेल मैदान बनाउने विषय भने प्राथमिकतामा परेको छैन । महिला क्रिकेटको राष्ट्रिय टीमदेखी हरेक समूहका राष्ट्रिय टिममा कञ्चनपुरका खेलाडीको वर्चश्व छ ।

पछिल्लो पुस्तामा प्रतिभावान खेलाडी देखिएका पनि खेल पूर्वाधार र पर्याप्त सेवासुविधा नहुँदा खेलाडी पलायन भइरहेका छन ।



उत्तरपूर्वी चीनको हेइलोङजियाङ प्रान्तको राजधानी हार्बिनमा रहेको हार्बिन पशु चिकित्सा अनुसन्धान संस्थानमा माइक्रोस्कोपबाट अवलोकन गर्दै एक बालिका। चिनियाँ कृषि विज्ञान प्रतिष्ठानअन्तर्गतको संस्थानले शनिबार लोकप्रिय विज्ञान गतिविधिहरूको आयोजना गर्दछ। *तस्बिरः सिन्ह्वा*

# गाजामा राहत सामग्री लुटिँदा मानवीय संकट गहिरिँदै

**गाजासिटी–** संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसले गाजामा भइरहेको युद्ध अहिले सबैभन्दा पीडादायी र क्रुर अवस्थामा पुगेको बताएका छन् । इजरायलले केही समयदेखि गरेको कडा घेराबन्दी केही सहज बनाएपछि राहत सामग्री गाजामा प्रवेश गर्न थालेको थियो। तर राहत बोकेका १५ भन्दा बढी ट्रकहरू बाटोमै लुटिए, जसले अवस्था अझ भयावह बनाएको छ ।



गाजा क्षेत्र लामो समयदेखि युद्धको चपेटामा छ। युद्धका कारण त्यहाँ खाद्यान्न र औषधिको अभाव छ । इजरायलले हमास नामक समूहलाई नष्ट गर्न भन्दै फेरि ठूलो सैन्य कारबाही सुरु गरेको छ। शुक्रबारमात्रै इजरायली हवाई आक्रमणमा परी गाजाका विभिन्न भागमा १६ जनाको ज्यान गएको र धेरै घाइते भएको गाजाको नागरिक सुरक्षा विभागले जनाएको छ ।

गुटेरेसले भने, 'गाजाका मानिसहरू अहिले यस्तो स्थिति झेलिरहेका छन्, जुन सम्भवतः यो युद्धको सबैभन्दा क्रुर अवस्था हो ।' उनले इजरायललाई राहत सामग्रीको ढुवानी सहज रूपमा प्रवेश गराउन अनुरोध गरेका छन् । उनका अनुसार हालसम्म करिब ४०० ट्रकमध्ये केवल ११५ ट्रकमात्र गाजामा पुग्न सकेका छन्। 'अहिलेसम्मको राहत भनेको, जताततै आगो लागिरहेको बेलामा एक थोपा पानी हाल्नुजस्तै हो । जबकि गाजालाई ठूलो मात्रामा सहायता चाहिएको छ।'

विश्व खाद्य कार्यक्रमले गाजाको दक्षिण भागमा राहत बोकेको १५ ट्रक लुटिएको जानकारी दिएको छ। ती ट्रकहरूले स्थानीय बेकरीमा रोटी पकाउनका लागि खाद्यान्न पुऱ्याउँदै थिए । संस्थाले भोक, निराशा र राहत आउँछ कि आउँदैन भन्ने डरले अहिलेको अवस्था झनै असुरक्षित बनाएको बताएको छ। इजरायललाई राहत छिटो र बढी मात्रामा प्रवेश गराउन आग्रह गरिएको छ ।

इजरायली सेनाले भने गाजामा रहेको हातहतियार गोदाम, सैन्य अड्डा र लुकेर बसेका लडाकु स्थानमा कारबाही गरिएको बताएको छ। सेनाले ७५ भन्दा बढी स्थानमा आकाशबाट बम प्रहार गरिएको जनाएको छ । गाजासँग सिमाना जोडिएका इजरायली बस्तीहरूमा पनि रकेट आक्रमणको डरका कारण सावधानी अपनाइएको छ ।

गाजाको उत्तरमा रहेको अल आब्दा अस्पतालमा इजरायली ड्रोनबाट गराइएको आक्रमणमा तीन जना स्वास्थ्यकर्मी घाइते भएका छन् । दक्षिण गाजामा धेरै घरहरू भत्किएको र कालो धुवाँ उठिरहेको दृश्य एएफपीका पत्रकारले देखेका बताएका छन् ।

यो युद्ध पुनः मार्च ५ गतेबाट सुरु भएको हो, जब इजरायलले हमासमाथि कारबाही दोहोऱ्यायो । त्यसयता गाजामा तीन हजार ६७३ जना मारिएका छन् । यो युद्ध सुरु भएको कात्तिकयता गाजामा कूल ५३ हजार ८२२ जनाको ज्यान गइसकेको छ, जसमा धेरैजसो सर्वसाधारण रहेका छन्। *रासस⁄सिन्ह्वा*

# वैश्विक व्यापार तनावबीच इण्डोनेसियामा विद्युतीय सवारीसाधन क्षेत्रमा तीव्र लगानी

**जकार्ता–** संयुक्त राज्य अमेरिकाले लागू गरेका भन्सार नीतिका कारण विश्वभरिका थुप्रै उदाउँदा अर्थतन्त्रहरू आर्थिक मन्दीको चिन्तामा रहेका छन् । यस्तो अवस्थामा इण्डोनेसिया भने विद्युतीय सवारीसाधन निर्माण गर्ने विश्वभरिका ठूला कम्पनीहरूको मुख्य लगानी गन्तव्य बनेको छ, जसले दक्षिणपूर्वी एसियामा विद्युतीय सवारी प्रयोग र उत्पादनमा उल्लेखनीय वृद्धि गराएको छ ।

सन् २०२४ देखि सन् २०२५ को मार्च महिनासम्म कम्तीमा सातवटा विद्युतीय सवारी उत्पादन गर्ने कम्पनीहरूले इण्डोनेसियामा कूल १५ खर्ब ४० अर्ब रूपैयाँ (करिब ९४ अर्ब रूपैयाँबराबर विदेशी मुद्रा) लगानी गरेका छन् । तीमध्ये केही कम्पनीहरूले आफ्नो कारखाना निर्माण कार्य सुरु गरिसकेका छन् ।

यी कम्पनीहरूमा चिनियाँ, फ्रान्सेली, भियतनामी तथा जर्मन मूलका निर्माता छन्, जसले संयुक्तरूपमा वार्षिक दुई लाख ८० हजार वटा सवारीसाधन उत्पादन गर्ने योजना बनाएका छन् । इण्डोनेसियाका लगानी तथा प्रसंस्करण उद्योगमन्त्री रोसान रोएस्लानीका अनुसार, इण्डोनेसिया विद्युतीय सवारी निर्माणका लागि आकर्षक गन्तव्य बनेको छ, किनभने यहाँ ब्याट्री उत्पादनका लागि आवश्यक सम्पूर्ण प्रक्रिया निकेल खानीदेखि लिएर ब्याट्री पुनःप्रयोगसम्म पूर्णरूपमा उपलब्ध छ ।हाल इण्डोनेसियामा नौ वटा विद्युतीय कार निर्माण कम्पनी, सातवटा विद्युतीय बस निर्माण केन्द्र र ६३ वटा दुई तथा तीन पांग्रे सवारी निर्माण उद्योग सञ्चालनमा छन् । उद्योग मन्त्रालयका अनुसार तिनीहरूको वार्षिक उत्पादन क्षमता क्रमशः ७० हजार ६०० कार, तीन हजार १०० बस र २२ लाख ८० हजार दुई तथा तीन पांग्रे सवारी रहेको छ ।

मन्त्रालयका एक निर्देशक महार्दी तुंगुल विकाक्सोनोले संयुक्त राज्य अमेरिकाको भन्सार नीतिका कारण अन्तर्राष्ट्रिय कम्पनीहरू नयाँ लगानी गन्तव्यको खोजीमा रहेको बताए, जसमा इण्डोनेसिया विशेषरूपमा उपयुक्त देखिएको छ। यस प्रकारको लगानीले रोजगारी सिर्जना गर्ने, उत्पादन वृद्धिमा टेवा पुऱ्याउने र दीर्घकालीनरूपमा इण्डोनेसियाको राष्ट्रिय अर्थतन्त्रमा सकारात्मक प्रभाव पार्ने विश्वास गरिएको छ। इण्डोनेसियामा ब्याट्रीमा आधारित विद्युतीय सवारीको बजार हिस्सा सन् २०२२ मा १.७ प्रतिशत थियो भने सन् २०२४ मा बढेर ४.९९ प्रतिशत पुगेको छ ।

उत्पादनका दृष्टिकोणले सन् २०२४ मा इण्डोनेसिया दक्षिणपूर्वी एसियाली राष्ट्रहरूमा सबैभन्दा धेरै शुद्ध विद्युत्चालित सवारी उत्पादन गर्ने देश बनेको छ । उक्त वर्ष इण्डोनेसियाले २५ हजार ८६१ एकाइ उत्पादन गरेको थियो, जुन थाइल्याण्डभन्दा एक हजार १९८ एकाइ बढी हो ।

गजाह माडा विश्वविद्यालयको विश्व व्यापार अध्ययन केन्द्रका अनुसन्धानकर्ता रोनाल्ड एबर्हार्डका अनुसार, अहिले भइरहेको भन्सार संघर्षले इण्डोनेसियालाई उत्पादन केन्द्रको रूपमा उभिन अवसर दिएको छ। *रासस⁄सिन्ह्वा*

# किएभमा आक्रमणबीच रूस–युक्रेन कैदी आदानप्रदान



**किएभ–** युक्रेनको राजधानी किएभमा शनिबार भएको ड्रोन र मिसाइल आक्रमणमा कम्तीमा आठ जना घाइते भएका छन् । उक्त आक्रमण रूस र युक्रेनबीच कैदीहरूको आदानप्रदान भइरहेको बेला भएको अधिकारीहरूले जनाएका छन् ।

किएभको नागरिक तथा सैन्य प्रशासनका प्रमुख तिमुर टाकाचेन्कोले बताएअनुसार आक्रमणले सहरका विभिन्न क्षेत्रमा आगलागी गराएको र संरचनात्मक क्षति पुऱ्याएको छ । सहरका मेयर भिटाली क्लिट्स्कोका अनुसार घाइतेमध्ये दुई जनाको अवस्था गम्भीर छ र उनीहरूलाई अस्पतालमा भर्ना गरिएको छ ।

यसैबीच, रूसी सेनाले युक्रेनले मंगलबारदेखि हालसम्म ७८८ ड्रोन तथा मिसाइल प्रहार गरेको र तीमध्ये ७७६ वटा आफ्नो वायु सुरक्षा प्रणालीले खसालेको दाबी गरेको छ । गत हप्ताको इस्तानबुल वार्तामा भएको सहमतिअनुसार रूस र युक्रेनले कैदीहरूको आदानप्रदानको पहिलो चरण शनिबार सम्पन्न गरेका थिए । दुवै पक्षले ३९० जना कैदीहरू फर्काएका छन् र कूल एक हजार कैदी आदानप्रदान गर्ने अपेक्षा गरिएको छ ।

रूसले युक्रेनलाई तीन दिनभित्र शान्ति सम्झौताको सर्तहरू प्रस्तुत गर्ने तयारी गरिरहेकोसमेत जनाएको छ । *रासस⁄एएफपी*

## युक्रेनसँगको शान्ति सम्झौताको मस्यौदा तयार गर्दै रूस

**मास्को–** रूसी विदेशमन्त्री सेर्गेई लावरोभले मस्कोले युक्रेनसँग दीर्घकालीन शान्ति सम्झौताका लागि आवश्यक सर्तहरू समावेश भएको दस्तावेजको मस्यौदा तयार गरिरहेको जानकारी दिएका छन् । उनका अनुसार यो मस्यौदा कैदीहरूको आदानप्रदान प्रक्रिया सम्पन्न भएपछि प्रस्तुत गरिने छ ।

रूसी विदेश मन्त्रालयको वेबसाइटमा प्रकाशित विज्ञप्तिमा विदेशमन्त्री लावरोभले रूस किभसँग तीन वर्षभन्दा बढी समयदेखि चलिरहेको युद्धको शान्तिपूर्ण समाधानमा प्रतिबद्ध रहेको उल्लेख गरेका छन् । उनले पछिल्लो समयमा युक्रेनले गरेको निरन्तर ड्रोन आक्रमणका कारण रूसको हवाई यातायात प्रभावित भएको पनि जनाए ।

लावरोभले अमेरिकी पूर्वराष्ट्रपति डोनाल्ड ट्रम्पको नेतृत्वमा भएका शान्ति प्रयासहरूलाई युरोपेली मुलुकहरूले असफल बनाउन युक्रेनलाई उक्साएको आरोप लगाउँदै रूस सधैं वार्ताका लागि खुला रहेको र शान्तिपूर्ण समाधानमा पूर्णरूपमा समर्पित रहेको बताए ।

हाल सम्झौताको दोस्रो चरणमा काम भइरहेको जानकारी दिँदै लावरोभले मस्यौदा विश्वसनीय र दीर्घकालीन शान्तिका लागि आवश्यक सर्तहरूको रूपरेखा भएको उल्लेख गरे । कैदीहरूको आदानप्रदान पूरा भएपछि रूसले मस्यौदा युक्रेनमा पठाई थप छलफलका लागि तयार रहेको उनले स्पष्ट पारे । *रासस⁄क्युएनए*

## 'रूस अझै पनि विश्वका प्रमुख हतियार निर्यातकर्तामध्ये एक'



**मस्को–** रूसका राष्ट्रपति भ्लादिमिर पुटिनले शुक्रबार आयोजित एक उच्चस्तरीय बैठकमा सम्बोधन गर्दै रूस हाल पनि विश्वका प्रमुख हतियार निर्यातकर्ता देशहरूमध्ये अग्रस्थानमा कायम रहेको जानकारी दिएका छन् । उनले रूसी सैनिक उपकरण र हतियारप्रति अन्तर राष्ट्रियबजारमा उल्लेखनीय माग देखिएको बताए ।

उनले भने, 'रूसले अझै पनि विश्वको हतियार बजारमा शीर्ष पाँच राष्ट्रको स्थानमा आफूलाई राख्न सफल भएको र धेरै क्षेत्रहरूमा प्रमुख निर्यातकर्ताका रूपमा अग्रसर रहँदै आएको छ ।'

यो मन्तव्य राष्ट्रपति पुटिनले सैनिक प्रविधिक सहकार्यसम्बन्धी बैठकका क्रममा दिएका हुन् । टेलिभिजनमार्फत प्रसारित सम्बोधनमा उनले सन् २०२४ मा रूसले प्रायः सबै हतियार निर्यातसम्बन्धी प्रतिबद्धताहरू पूरा गरेको जानकारी दिए । साथै, उनले उल्लेख गरे, 'रूसी सैन्य उत्पादनहरूको माग निकै उच्च रहेको र हाल अर्बौं डलरबराबरको अर्डर रहेको छ ।' उनले सम्बन्धित सरकारी निकायहरूलाई हतियार निर्यातमा वृद्धि गर्न आवश्यक नीतिगत पहल तथा राज्यीय समर्थन कार्यक्रमहरू अघि बढाउन निर्देशन दिए ।

राष्ट्रपतिले भने कि रूसी सैनिक उपकरण तथा हातहतियारहरूमा निरन्तर सुधार भइरहेको छ र देशको सैन्य औद्योगिक क्षेत्रको मुख्य दायित्व भनेको रूसको विशेष सैन्य अभियानलाई आवश्यक सामग्रीको भरपर्दो आपूर्ति गर्नु हो । उनका अनुसार, रूसी उत्पादनको गुणस्तर र कार्यक्षमताले अन्तर्राष्ट्रिय बजारमा विश्वास जितिरहेको छ, जसका कारण निर्यात विस्तारको सम्भावना अझ बलियो हुँदै गएको छ । *रासस⁄सिन्ह्वा*

## अस्ट्रेलियाको पूर्वी क्षेत्रमा बाढीको ठूलो प्रकोप, हजारौं घर प्रभावित



**सिड्नी–** अस्ट्रेलियाको न्यु साउथ वेल्स राज्यमा आएको अविरल वर्षापछि उत्पन्न बाढीका कारण राज्यका पूर्वी क्षेत्रमा रहेका करिब १० हजारभन्दा बढी घरधुरी तथा सम्पत्तिहरूमा क्षति पुगेको प्रारम्भिक अनुमान गरिएको छ ।

राज्य आपत्कालीन सेवाका प्रमुख सुपरिन्टेन्डेन्ट पल म्याकक्विले शनिबार बिहान पत्रकारहरूलाई जानकारी दिँदै भने, 'क्षतिको विस्तृत मूल्यांकनका लागि हाम्रो टोलीहरू सक्रिय रूपमा खटिने छन् । यो अवस्था अझै पनि जोखिमपूर्ण भएकाले सबै जनालाई आवश्यक सतर्कता अपनाउन आग्रह गर्दछु ।'

उनले थप भने, 'पानी पूर्णरूपमा नघटेसम्म र जनताले सुरक्षितरूपमा आफ्ना घर तथा समुदायमा फर्कन सक्ने अवस्था नबनेसम्म हामी कसैलाई पनि घर फर्कन अनुमति दिन सक्दैनौं ।' यसैबीच, न्यू साउथ वेल्स प्रहरीले दिएको जानकारीअनुसार बाढी प्रभावित मिड नर्थ कोस्ट क्षेत्रको एक सम्पत्तिमा जलेको सवारीसाधनभित्र एक व्यक्तिको शव फेला परेको छ ।

यो घटनाले पछिल्लो पाँच दिनदेखिको लगातार वर्षाका कारण उत्पन्न बाढी संकटमा ज्यान गुमाउनेको संख्या पाँच पुगेको पुष्टि गरेको छ । *रासस⁄सिन्ह्वा*

## युएईमा अत्यधिक गर्मी : मे महिनामा ५०.४ डिग्रीको नयाँ कीर्तिमान

**दुबई–** संयुक्त अरब इमिरेट्स (युएई)ले शुक्रबार देशमा अहिलेसम्मकै मे महिनामा सबैभन्दा उच्च तापक्रम ५०.४ डिग्री सेल्सियस मापन गरेको छ। यो तापक्रम सन् २००३ देखि रेकर्ड राख्न थालिएयता सबैभन्दा बढी भएको राष्ट्रिय मौसम केन्द्र (एनसिएम) ले जनाएको छ ।



शुक्रबार देशको सबैभन्दा उच्च तापक्रम अबुधाबीको अल शावामेखमा अपराह्न २:३० बजे ५०.४ डिग्री सेल्सियस मापन गरिएको केन्द्रले सामाजिक सञ्जाल 'एक्स' मा पोस्ट गरेको थियो । यो मे महिनाको सबैभन्दा उच्च तापक्रम हो, जुन सन् २००३ देखि सुरु गरिएको रेकर्डमा पहिलोपटक देखिएको एनसिएमले जनाएको छ ।

यसअघि मे सन् २००९ मा मापन गरिएको ५०.२ डिग्री सेल्सियस तापक्रम नै मे महिनाको उच्च तापक्रम थियो । युएई विश्वकै ठूला तेल निर्यातकर्तामध्ये एक भए पनि उसले नवीकरणीय ऊर्जा क्षेत्रमा पनि ठूलो लगानी गरेको छ । *रासस⁄एएफपी*

## वर्गीकृत विज्ञापन सङ्कलन काउन्टर

**पशुपति विज्ञापन सेवा – सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५। स्मार्ट सर्भिस नेपाल प्रा.लि.–सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८र९८४२६३५८१५। लोटस कम्युनिकेशन– गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल– डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल) – फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट। Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी – नयाँबसपार्क फोन नं. ९८१३९६०७४६। सारीका स्टेशनरी पसल – फोन नं. ९८५११२९६८६। ज्ञान्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६०। विश्व स्वतन्त्र सञ्चार– सुन्धारा, फोन नं. ४२१९४१२। निशा बुक्स एण्ड स्टेशनरी – लगनखेल, ५५३१९५७, ९८४१६२७४८९। वीडलिंक मिडिया प्रा.लि. – पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४। हिमचुली स्टेशनरी– बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३। मलः स्टेशनरी– गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७। B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी– विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर– कलंकी चोक फोनः ०१–४२७६५३०, फ्याक्सः०१–४२७१३२२। दाजुभाइ स्टेशनरी – पिंगलास्थान, गौशाला, फोनः ०१–४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट –९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफच्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१– ४२२४१८१, ०१– ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४।**

काठमाडौं जि.प्र.का.द.नं.४८०-०७०/७१, म.क्ष.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १९०४०० | प्रति तोला – ० | प्रति तोला – २००५ |



**मकै भित्र्याइँदै** | **सुनसरीको इनरुवा नगरपालिका–८ मा शनिबार थ्रेसर मेसिनबाट मकै दाउनी गर्दै किसान । यतिबेला यहाँका किसानलाई मकै भित्र्याउने चटारो छ ।** *तस्बिरः नवीन गड्तौला/रासस*

# १० महिनामा चार खर्ब उठाइयो ऋण

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** सरकारले चालु आर्थिक वर्ष २०८१/८२ को १० महिनामा करिब चार खर्ब बराबर सार्वजनिक ऋण उठाउँदा तीन खर्ब आठ अर्ब हाराहारी साँवा ब्याज भुक्तानी गरेको छ ।

सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले तयार पारेको वैशाख मसान्तसम्मको सरकारी ऋणको प्रतिवेदनअनुसार चालु आर्थिक वर्षको सुरुमा कूल सार्वजनिक ऋण रू २४ खर्ब ३४ अर्ब नौ करोड रहेकामा पछिल्लो १० महिनामा रू एक खर्ब ८८ अर्ब ३० करोड थप वृद्धि भई कूल ऋण दायित्व रू २६ खर्ब २२ अर्ब ४० करोड पुगेको छ । जुन कूल गार्हस्थ्य उत्पादनको ४२.९४ प्रतिशत हुन आउँछ । कूल सार्वजनिक ऋणमा वैशाख मसान्तसम्ममा वैदेशिक ऋणको हिस्सा ५१.६९ प्रतिशत अर्थात् रू १३ खर्ब ५५ अर्ब ६९ करोड रहेको छ ।




आन्तरिक ऋणको हिस्सा ४८.३१ प्रतिशत अर्थात् रू १२ खर्ब ६६ अर्ब ७० करोड रहेको छ । वैशाख महिनामा सार्वजनिक ऋण प्राप्तिभन्दा साँवा भुक्तानी बढी गरेकाले अघिल्लो महिनाको तुलनामा कूल सार्वजनिक ऋण दायित्व घट्न गएको कार्यालयले जनाएको छ । गत चैत मसान्तसम्ममा कूल सार्वजनिक ऋण रू २६ खर्ब ६७ अर्ब २६ करोड बराबर थियो ।

सरकारको वार्षिक लक्ष्यअनुसार आन्तरिक ऋण उठाउन प्रगति देखिए पनि बाह्य ऋण भने वार्षिक लक्ष्यको तुलनामा कम मात्र उठेको छ । 'चालु आर्थिक वर्षमा जम्मा रू पाँच खर्ब ४७ अर्ब सार्वजनिक ऋण परिचालन गर्ने लक्ष्य राखिएकामा वैशाख मसान्तसम्ममा रू तीन खर्ब ९० अर्ब ८३ करोड ऋण प्राप्ति भएको छ । वार्षिक लक्ष्यको तुलनामा कूल ऋण प्राप्ति ७१.४५ प्रतिशत रहेको छ', प्रतिवेदनमा भनिएको छ, 'जसमध्ये आन्तरिक ऋण प्राप्तिको प्रगति ९१.२५ र बाह्य ऋण प्राप्तिको प्रगति ४१.३३ प्रतिशत रहेको छ । कूल सार्वजनिक ऋण प्राप्तिमध्ये आन्तरिक ऋण ७७.०५ र बाह्य ऋण २२.९५ प्रतिशत रहेको छ ।'

चालु आर्थिक वर्षका लागि सरकारले रू तीन खर्ब ३० अर्ब आन्तरिक ऋण उठाउने लक्ष्य राखेकामा हालसम्म रू तीन खर्ब एक अर्ब १४ करोड उठाएको छ भने रू २८ अर्ब ८५ करोड आन्तरिक ऋण उठाउन बाँकी छ ।

त्यसैगरी यस वर्ष रू दुई खर्ब १७ अर्ब बाह्य ऋण उठाउने सरकारी लक्ष्य रहेकामा हालसम्म रू ८९ अर्ब ६८ करोड उठिसकेको छ भने रू एक खर्ब २७ अर्ब ३१ करोड उठ्न बाँकी छ ।

सरकारले यस वर्ष सार्वजनिक ऋणको साँवाब्याज भुक्तानीका लागि रू चार खर्ब दुई अर्ब ८५ करोड बजेट छुट्याएको थियो । जसमध्ये गत वैशाख मसान्तसम्ममा रू तीन खर्ब आठ अर्ब १४ करोड साँवाब्याज भुक्तानी भएको छ । यो वार्षिक बजेट विनियोजनको आधारमा ७६.४९ प्रतिशत हो । कूल गार्हस्थ्य उत्पादनका आधारमा वैशाख मसान्तसम्ममा कूल ऋण सेवा खर्च पाँच दशमलव ०५ प्रतिशत रहेको कार्यालयले जनाएको छ ।

# १० महिनामा ३५ अर्ब ५३ करोडको धान चामल आयात

■ **प्रभाव संवाददाता**

**काठमाडौं** – चालु आर्थिक वर्ष २०८१/८२ को वैशाख मसान्तसम्म ३५ अर्ब ५३ करोड रूपैयाँ बराबरको धानचामल आयात भएको छ ।

२०८१ साउनदेखि २०८२ वैशाख मसान्तसम्म ३५ अर्ब ५३ करोड ८० लाख १२ हजार रूपैयाँको ६९८९०५.९८ मेट्रिक टन धान चामल आयात भएको भन्सार विभागले जनाएको छ । विभागले सार्वजनिक गरेको पछिल्लो १० महिनाको तथ्यांकअनुसार सो परिमाणममा धान चामल आयात हुँदा ३ अर्ब२२ करोड २३ लाख ६९ हजार रूपैयाँ राजस्व संकलन भएको छ ।

कुल आयात भएको धान चामलमध्ये ८१ करोड ८२ लाख ९३ हजार रूपैयाँको १८५०.७९ मेट्रिक टन धानको बीउ आयात भएको छ ।



यसैगरी १८ अर्ब ९५ करोड ५२ लाख ४ हजार रूपैयाँको ४९५१३८.६१ मेट्रिक टन धान आयात भएको छ । यसैगरी ६ अर्ब ५४ करोड १५ लाख ६७ हजार रूपैयाँको ५९६३४.१९ मेट्रिक टन बासमती चामल, ८ अर्ब ९९ करोड ३९ लाख २९ हजार रूपैयाँको १३६७४४.६८ मेट्रिक टन अन्य चामल, २२ करोड ८२ लाख ८४ हजार रूपैयाँको ५५३३.३४ मेट्रिक टन कनिका र ७ लाख ३६ हजार रूपैयाँको ४.३५मेट्रिक टन ब्राउन चामल आयात भएको विभागले जनाएको छ ।

# मैवाखोलाका किसानलाई चौंरी हस्तान्तरण

**ताप्लेजुङ (प्रस)–** जिल्लाको मैवाखोला गाउँपालिकाले याकचौंरी प्रवर्द्धन कार्यक्रमअन्तर्गत चौंरीपालन कृषक समूहलाई १४ वटा याकचौंरी हस्तान्तरण गरेको छ ।

वडा नं ६ साम्तोङको जलजले याकचौंरीपालन कृषक समूहलाई चालु आर्थिक वर्षमा १४ वटा याकचौंरी हस्तान्तरण गरिएको गाउँपालिका अध्यक्ष विजयप्रकाश वनेमले जानकारी दिए । गाउँपालिकाले याकचौंरीपालन व्यवसायलाई प्रोत्साहन गर्न चालु आवका लागि रु पाँच लाख बजेट विनियोजन गरेको थियो ।

उक्त कार्यक्रमअन्तर्गत कृषक समूहलाई ८० प्रतिशत अनुदान तथा २० प्रतिशत कृषकको स्वलगानीका आधारमा याकचौंरी वितरण गरिएको अध्यक्ष वनेमले बताए । याकचौंरी वितरण कार्यक्रमले पशुपालन व्यवसायको व्यावसायिकीकरण तथा युवालाई कृषि क्षेत्रमा आकर्षित गर्ने उद्देश्य लिइएको गाउँपालिकाले जनाएको छ ।

# पर्यटनको सम्भावना रहेको 'चमेरे गुफा' ओझेलमा

**इलाम (प्रस)–** पर्यटनको सम्भावना रहेको यहाँको माङसेबुङ गाउँपालिका-२ इभाङस्थित चमेरे गुफा ओझेलमा परेको छ । देउमाई खोलाको किनारसँगै पहाडको फेदीमा रहेको चमेरे गुफाको उचित प्रचारप्रसार हुन सकेको छैन ।

पर्यटकीय दृष्टिले महत्त्वपूर्ण मानिएको चमेरे गुफामा पूर्वाधार निर्माण, संरक्षण र प्रवर्द्धन गर्न नसकिएको स्थानीय पृथीमान जवेगूले बताए । स्थानीयले २० वर्षअघि पत्ता लगाएको गुफाको संरक्षण र प्रवर्द्धनका लागि सरकारी निकायको ध्यान नगएको उनको भनाइ छ । यो गुफा जिल्लाकै प्रमुख धार्मिकस्थल गजुरमुखी धामदेखि एक किलोमिटर दुरीमा मात्र अवस्थित छ ।

प्राकृतिक रूपमा सुन्दर र आकर्षक छ, चमेरे गुफा । 'चमेरे गुफालाई पर्यटकीय गन्तव्य बनाउन यसको संरक्षण र प्रवर्द्धनसँगै प्रचारप्रसार गर्न आवश्यक छ', जवेगुले भने, 'त्यसो गर्न सकिएमा पर्यटकको उपस्थिति हुने सम्भावना छ ।'

देवताका पालामा गजुरमुखी देवीलाई भेट्न आउँदा महादेवले सो गुफामा बास बसेको किवदन्ती प्रचलित छ । पछिल्लो समय गुफामा हुलका हुल चमेरा भेटिने भएकाले सो गुफाको नाम चमेरे गुफा राखिएको स्थानीय हिमाकुमारी अधिकारीले बताइन् ।

गुफा फराकिलो छ । गुफाको प्रवेशद्वारदेखि भित्री भागसम्म चट्टानी संरचना देख्न सकिन्छ । खोलाको किनारमा चट्टानले बनेको संरचनाले यो गुफा भूगर्भीय अध्ययनको दृष्टिले रोचक छ । गुफा करिब ४० देखि ५० जना मानिस अट्न सक्ने आकारमा छ ।

तत्कालीन लिम्बूवानका राजाहरूले आफ्ना सेनालाई सेल्टरको रूपमा यस गुफामा राख्ने गरेको बताइन्छ । माङसेबुङ गाउँपालिका अध्यक्ष हेमन्त राईले यस वर्षदेखि पालिकाभित्रका सबै ऐतिहासिक, धार्मिक र पर्यटकीय क्षेत्रको संरक्षण र संवर्द्धनका लागि योजनाबद्ध काम गरिने बताए । 'यसवर्षदेखि हामी नीति तथा कार्यक्रममा समेटर ऐतिहासिक, धार्मिक र पर्यटकीय क्षेत्रको संरक्षण र संवर्द्धनको योजनाबद्ध रूपमा काम गर्नेछौं', अध्यक्ष राईले भने । माङसेबुङ-२ का वडाध्यक्ष कृष्णबहादुर बस्नेतले चमेरे गुफाको प्रवर्द्धन गर्न आगामी दिनमा वडाको विशेष ध्यान जाने बताए ।

# दूध उत्पादनमा नमूना बन्दै बेलवास

**तनहुँ–** जिल्लाको व्यास नगरपालिका-१३ स्थित बेलबास क्षेत्रका बासिन्दा दूध उत्पादन सबल बन्दै गएका छन् । यहाँका अधिकांश व्यक्ति पशुपालन र कृषिमा लागेका छन् । जसले गर्दा यस क्षेत्र नमूना बन्नुका साथै मुहारमा परिवर्तन आएको छ ।

आफूले दूध उत्पादन गर्नुका साथै पशुपालन गर्न चाहने किसानलाई उत्प्रेरण जगाउने कार्य गर्दै आएका छन् । यस क्षेत्रका पशुपालन कृषकले अन्य व्यक्तिका लागि पनि परिश्रम गर्न सकिए केही हुँदोरहेछ भन्ने गतिलो सन्देश दिएका छन् । दूध बिक्रीबाट आएको पैसाले लेनदेन व्यवहारका साथै दैनिक घरखर्च चलाउनमा सजिलो भएको पशुपालक किसान बताउँछन् ।

कृषकको खरिद मूल्यअनुरूप अहिले दैनिक रु एक लाख तीस हजार मूल्यको दूध संकलन हुने गरेको संस्थाका व्यवस्थापक श्रीप्रसाद साँखीले जानकारी दिए । उनले भने, 'थोरैमा मासिक रु १५ हजारदेखि दुई लाखसम्म कमाउने दूध व्यवसायी रहेका छन् ।' एउटै गाउँबाट दैनिक एक हजार छ सय लिटर दूध बिक्री हुँदै आएको छ । उत्पादित दूध बेलबास दुग्ध उत्पादक सहकारी संस्थामार्फत दमौली र पोखरामा बिक्री हुने गरेको छ ।

संस्थामा आबद्ध १०० जना शेयर सदस्यमध्ये ६५ जना कृषकले पशुपालनबाट दुग्ध उत्पादन गरी बिक्री गर्दै आएको संस्थाका व्यवस्थापक साँखीले बताए । यहाँ उत्पादित दूधमध्ये दमौलीमा रहेका दुई डिपोबाट ६०० लिटर र बाँकी एक हजार लिटर दूध सुजल डेरी पोखरामा पठाइने गरिएको छ ।

पोखरा नपठाई स्थानीय बजारमा नै खपत गर्न सकिए यहाँका कृषकले अझ बढी फाइदा लिन सक्ने उनी बताउँछन् । दूधका साथै दही, पनिर, नौनी र घ्यू पनि बिक्री गर्ने गरिएको छ । आठ जना कर्मचारीले प्रत्यक्ष रूपमा रोजगारी पाएका छन् । यस क्षेत्रका अधिकांश मानिसहरू पशुपालन गरी आत्मनिर्भर बन्न सफल भएका छन् ।

सोही वडा निवासी लेखनाथ बाँस्तोला विगत चार वर्षदेखि व्यावसायिक गाई पाल्दै आएका छन् । गाडी व्यवसायी समेत रहनुभएका बाँस्तोलाले गाडी व्यवसाय छाडेर पुनः गाउँ फर्किएर पशुपालन पेसामा लागेका छन् ।

उनका फार्ममा अहिले २२ वटा गाई छन् । जसमध्ये १५ वटा लैना गाईबाट दैनिक २०० बढी लिटर दूध बिक्री गर्दै आएका छन् । 'सुरुमा रु एक करोडको लगानी भएको छ', उनले भने, 'मासिक चार लाखको दूध बिक्री गर्छु, सबै खर्च कटाएर मासिक रु दुई लाख कमाउँदै आएको छु ।'

त्यसैगरी १३ वर्ष वैदेशिक रोजगारीमा बसेर स्वदेश फर्किएर पशुपालनमा लागेका अर्का दुग्ध व्यवसायी मेघनाथ आचार्यले नौ वटा गाईबाट दैनिक ४० लिटर दूध बिक्री गर्दै आएका छन् । खर्च कटाएर मासिक रूपमा राम्रै आम्दानी हुने गरेको कृषक आचार्य बताउँछन् । 'आफ्नो चार रोपनी र भाडामा १२ रोपनी जग्गा लिएर घाँसखेती गरेको छु', उनले भने, 'सुरुमा रु १० लाख लगानी गरी थालिएको व्यवसायबाट परिवार सबै सन्तुष्ट छौं ।'

व्यावसायिक पशुपालन कृषकलाई राज्यले प्रोत्साहन गर्न दाना, चोकरको महँगी नियन्त्रण र उत्पादनका आधारमा अनुदानलाई प्राथमिकता दिन सके अझै प्रभावकारी हुन सक्ने संस्थाका अध्यक्ष केशवबहादुर रानाले बताए ।

गाउँ नजिकै दुग्ध संकलन केन्द्र रहेकाले कृषकले दैनिक बिहान र बेलुका उत्पादन गरेका दूध बिक्री गर्न समेत सहज भएको छ । नगरपालिकाले उत्पादनका आधारमा कृषकलाई प्रति लिटर दूधमा रु एक अनुदान प्रदान गर्दै आएकोमा वृद्धि गर्ने योजना रहेको वडाध्यक्ष वसन्तबहादुर आलेले बताए । यस क्षेत्रका अधिकांश मानिस पशुपालन र कृषि पेसामा व्यस्त हुने गरेका छन् । *रासस*

नसर्ने रोगबाट बच्ने उपाय

- धूम्रपान र मद्यपान नगरौं,
- दैनिक शारीरिक व्यायाम गरौं,
- मानसिक तनावबाट मुक्त रहौं,
- अस्वस्थ्यकर खानपान र जीवनशैली नअपनाऔं,
- स्वस्थ्यकर र सन्तुलित भोजन गरौं,
- नियमित स्वास्थ्य जाँच गरौं,

समयमै नसर्ने रोगको जाँच गराऔं, स्वस्थ्य र दीर्घ जीवन बाँचौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ